# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६६ | काठमाडौं | आइतबार, २६ असोज २०८२ | Prabhab National Daily | Sunday, 12 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## अलमलमा कांग्रेस-एमाले

### दुवै दलको बैठक सर्‍यो, दबाबमा नेतृत्व

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी आन्दोलनपछि पहिलोपटक बस्न लागेको नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक दुई दिन पछाडि सरेको छ । जेन-जी आन्दोलनपछिको अवस्थाबारे धारणा बनाउन आज आइतबारका लागि बोलाइएको बैठक अन्तिम समयमा स्थगित गरिएको हो ।

केन्द्रीय समिति बैठकको एजेण्डा तय गर्न भन्दै सभापति शेरबहादुर देउवाले बिहीबार पदाधिकारी बैठक बोलाएका थिए । तर, उक्त बैठकमा देउवा उपस्थित भएनन् । गत भदौ २४ मा जेन-जी आन्दोलनका क्रममा आफ्नै निवास बूढानीलकण्ठमा कुटिएपछि उनी सार्वजनिक भएका छैनन् । देउवाको उपस्थितिविनै बसेको पदाधिकारी बैठकले केन्द्रीय समितिका लागि एजेण्डा तय गर्न नसकेपछि बैठक सारिएको हो ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलल भने कार्यसम्पादन समिति बैठक जारी रहेकाले केन्द्रीय समिति पछि सारिएको जानकारी दिए । उनका अनुसार अब केन्द्रीय समिति बैठक यही २८ असोजको दिउँसो १ बजे पार्टी कार्यालय सानेपामा बस्ने छ । बैठकमा पदाधिकारी, केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य र सातै प्रदेश सभापतिहरू सहभागी हुने छन् ।

जेन-जी आन्दोलनपछिको राजनीतिक परिवर्तनबारे कांग्रेसले संस्थागत धारणा सार्वजनिक गरेको छैन । प्रतिनिधिसभा पुनर्स्थापना कि फागुनमा चुनाव भन्नेबारे कांग्रेसको आधिकारिक धारणा आउन बाँकी छ । यही २४ असोजमा जेन-जी आन्दोलनबाट सत्ताच्युत भएका एमाले अध्यक्ष केपी शर्मा ओलीले भने कांग्रेसलाई प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा उभिन आग्रह गरेका छन् । उनले चुनाव नहुने र त्यसको पक्षमा एमाले नभएको बताए ।

कांग्रेस भने यसबारे अनीर्णित छ । बरु, पार्टीमा नेतृत्व परिवर्तनको माग गर्ने संस्थापनइतर पक्षबाट विशेष महाधिवेशनको माग चर्कोगरी उठेको छ । त्यही भएर कार्यसम्पादन समिति बैठकमा पार्टीको नियमित महाधिवेशनबारे सहमति नजुटेको सहमहामन्त्री भीष्मराज आङ्देम्बेले बताए ।

- कांग्रेस पदाधिकारीले तय गर्न सकेन केन्द्रीय समिति बैठकको एजेण्डा
- असोज २८ गतेलाई सारियो केन्द्रीय समिति बैठक
- तयारी नपुगेको भन्दै एमाले केन्द्रीय कमिटी बैठक पनि सर्‍यो, २९ देखि ३१ असोजसम्म बस्ने

क्रमशः पृष्ठ २ मा

## टासी ल्हान्जोम ‘पहाडे राष्ट्रवाद’को सिकार !

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले तेस्रोपटक विस्तार गर्न लागेको मन्त्रिपरिषद्मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीका रूपमा टासी ल्हान्जोमको नाम प्रचारित छ । उनी हिमाली जिल्ला हुम्लाको नाम्खा गाउँपालिका-६ की बासिन्दा हुन् ।

प्रदेशगत आधारमा उनलाई कर्णालीबाट जेन-जी मन्त्रीका रूपमा प्रतिनिधित्व गराउन लागिएको हो । उनीसहित रामजी राम, बब्लु गुप्ता र गणपतिलाल श्रेष्ठलाई मन्त्री नियुक्त गरिने चर्चा छ । सोमबारसम्ममा उनीहरू चारै जनालाई समेटेर प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद् विस्तार गर्ने तयारी भएको खबरहरू सार्वजनिक भएका छन् ।

यस्तोमा एकथरीले टासीलाई तिब्बती शरणार्थी भएको आरोप लगाएका छन् । त्यस्तो आरोप लगाउने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेता ज्ञानेन्द्र शाही हुन् । उनले भनेका छन्, ‘अब बन्ने मन्त्रिपरिषद्मा भारतको धर्मशालामा तिब्बती क्याम्पमा अध्ययन गरेकी विदेशी राजदूतावासमा अस्थायी कर्मचारी भएकी एउटा फ्री तिब्बत अभियानकी अभियन्ता एवं उसका बाउ बाजे तिब्बतबाट दलाई लामासँगै भागेर आएका तिब्बती शरणार्थी हुन् ।’ त्यसो हुनाले उनलाई मन्त्री बनाउन नहुने शाहीको तर्क छ ।

जेन-जी कर्णाली संयोजक सुप्रिया शाही पनि टासीलाई मन्त्री बनाउन नहुने पक्षमा छिन् । उनले टासीको नागरिकता छानबिनको माग गरेकी छन् । शाहीद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ, ‘टासी ल्हान्जोमको नागरिकता विवाद रहेकोले त्यससम्बन्धी विषयमा तत्काल छानबिन गरियोस् ।’

टासीमाथि दलाई लामाको निर्वासित सरकार रहेको धर्मशालामा पढे/बढेको र पछिल्लो समय तिब्बती शरणार्थीको रूपमा अमेरिकी ग्रीनकार्ड लिएको आरोपसमेत लगाइएको छ ।

त्रिचन्द्र कलेजमा प्राध्यापनरत मानवशास्त्री उदय थिङको विचारमा टासी ‘पहाडे राष्ट्रवाद’को गम्भीर मारमा परेकी छन्, जुन राष्ट्रवादले खस-आर्यवाहेकका समुदायलाई राज्यसत्तामा सहर्ष स्वीकार्दैन । हिमाली क्षेत्रका बसोबास गर्ने समुदायलाई राज्यसत्तामा पुगे तिब्बती र मधेसमा बसोबास गर्नेहरूलाई भारतीयको आरोप लगाइन्छ । मानवशास्त्री थिङ यस्तो आरोप विगतमा थुप्रै हिमाली आदिवासी जनजाति नेता र मधेसका नेताले सामना गर्नुपरेको बताउँछन् ।

‘पहाडे राष्ट्रवादीहरूले विभिन्न देशमा रहेका नेपाली भाषीलाई भने आफ्नो ठान्ने प्रवृत्ति विगतदेखि छ । यद्यपि, देशको सीमाभित्रको नागरिकलाई पहाडे जातिवादी मानसिकताले विदेशी देख्ने गरेको छ,’ उनले प्रभावसँग थप भने ।

क्रमशः पृष्ठ २ मा



> पहाडे राष्ट्रवादीहरूले विभिन्न देशमा रहेका नेपाली भाषीलाई भने आफ्नो ठान्ने प्रवृत्ति विगतदेखि छ । यद्यपि, देशको सीमाभित्रको नागरिकलाई पहाडे जातिवादी मानसिकताले विदेशी देख्ने गरेको छ ।
>
> ■ **उदय थिङ**, मानवशास्त्री

> टासीको ओरिजिन कहाँ हो ? कहाँबाट नेपाल प्रवेश गरेको हो ? जातीय दृष्टिकोणले प्रश्न गर्नु कत्तिको जायज हो भन्ने बहसको विषय होला तर नेपालको नागरिकतावाहक जो कोही मन्त्रिपरिषद्मा जान पाउँछन् र अहिलेको टासीमाथिको आरोप अराजनीतिक मान्छु ।
>
> ■ **राम गुरुङ**, समाजशास्त्री

**सन्दर्भः वैदेशिक रोजगार**

## कुवेत दूतावासका लागि श्रम सहचारी छनोट गरिँदै

### असोज ३० मा व्यावसायिक योजना तयारी र ३१ गते प्रस्तुतीकरण हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** कुवेतस्थित नेपाली दूतावासका लागि श्रम सहचारी पदमा आवेदन दिएका उम्मेदवारहरूले यही असोज ३१ गते व्यावसायिक कार्ययोजना प्रस्तुत गर्ने भएका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त पदका लागि आवेदन प्राप्त उम्मेदवारहरूलाई आफ्नो व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न उक्त दिनको समय तोकेको हो । मन्त्रालयले गत बिहीबार सूचना प्रकाशित गरी व्यावसायिक योजना प्रस्तुतीकरण सुरु हुनु अगाडि नै आफ्नो योग्यताको प्रमाणपत्र बुझाउन उम्मेदवारहरूलाई आग्रह गरेको छ ।

त्यसअघि व्यावसायिक कार्ययोजना तयारी भने एक दिनअघि अर्थात् असोज ३० गते हुने भएको छ । मन्त्रालयले जारी गरेको सूचनाअनुसार व्यावसायिक योजना तयारी र प्रस्तुतीकरण सिंहदरबारस्थित मन्त्रालयको सभाकक्षमा हुने छ । असोज ३० गतेको योजना तयारीका लागि दिउँसो ४:०० देखि ४:३० बजेसम्मको समय तोकिएको छ ।

यसैगरी योजना प्रस्तुतीकरणका लागि असोज ३१ गते दिउँसो ४:०० बजेको समय तोकिएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयले यही असोज ६ गते सूचना प्रकाशित गरी निकट भविष्यमा रिक्त हुने पदमा श्रम सहचारी छनोट तथा नियुक्तिका लागि आवेदन आह्वान गरेको थियो । मन्त्रालयले ‘काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनोट तथा नियुक्तिसम्बन्धी मापदण्ड,२०८१’ अनुसार तोकिएबमोजिमको योग्यता पुगेका इच्छुक कर्मचारीहरूले असोज २६ गतेभित्र आफ्नो व्यक्तिगत विवरण उल्लेख गरी अनुसूची-२ बमोजिम निवेदन दिन सूचनामार्फत आह्वान गरेको थियो ।

कुवेतस्थित राजदूतावासमा काम गर्नका लागि एक जना श्रम सहचारी छनोट गरिने छ । श्रम मन्त्रालयमा कार्यरत रहेका महाशाखा प्रमुखहरूमध्ये वरिष्ठ सहसचिवको संयोजकत्वमा गठित सिफारिस समितिले आवेदकहरूको मूल्यांकन गरी सचिवसमक्ष सिफारिस गर्ने व्यवस्था छ ।

श्रम सहचारी पद नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणी अधिकृतस्तरको हुन्छ । काउन्सेलर (श्रम) तथा श्रम सहचारीले आफू कार्यरत रहेको दूतावास वा नियोग प्रमुखको प्रत्यक्ष नियन्त्रणमा रही अन्य कूटनीतिक कर्मचारीसरह काम गर्ने र निजले कूटनीतिक कर्मचारीका लागि तोकिएको आचरणको पालना गर्नुपर्ने मापदण्डमा उल्लेख गरिएको छ ।




### यस्तो छ योग्यताको व्यवस्था

काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनोट तथा नियुक्तिसम्बन्धी मापदण्डअनुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका कर्मचारीले काउन्सेलर (श्रम) तथा श्रम सहचारी पदमा नियुक्तिका लागि उम्मेदवार बन्न पाउने छन् ।

आवेदन फाराम भर्ने अन्तिम मितिसम्म छनोट हुने पदका निमित्त आवश्यक पर्ने श्रेणी र पदमा सेवा अवधि कम्तीमा तीन वर्ष पूरा भएको र अनुसूची-१ मा उल्लिखित कार्यालयमा लगातार कम्तीमा एक वर्षदेखि कार्यरत रहेको हुनुपर्ने मापदण्डमा उल्लेख छ ।

यद्यपि, पदस्थापन मन्त्रालय वा अन्तर्गत भई अन्यत्र निकायमा काजमा रहेको अवधिबाहेक अन्यत्र दरबन्दी रही श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहत निकायमा अविच्छिन्न कार्यरत अवधिलाई समेत गणना गरिने मापदण्डमा प्रस्ट पारिएको छ ।

क्रमशः पृष्ठ २ मा










**मखमली फूलको माला** | **तिहार नजिकिँदै गएपछि भक्तपुरको गुण्डुमा मखमली फूलको माला गाँस्दै स्थानीय। स्थानीयले एउटा माला ६० देखि १०० रूपैयाँसम्ममा बिक्री गर्ने गरेका छन्।** *तस्बिरः रासस*

# बिपी राजमार्गमा पूर्णरूपमा यातायात सञ्चालन



**काभ्रेपलाञ्चोक (प्रस)–** गत साताको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको विभिन्न खण्डमा अस्थायी सडक बनाउने कार्यलाई तीव्रता दिइएसँगै १९ स्थानमा 'डाइभर्सन' बनाएर अवरुद्ध राजमार्ग शनिबारदेखि खुलाइएको छ।

शुक्रबार साँझ क्षतिग्रस्त सम्पूर्ण खण्डमा 'ट्र्याक' खुलाएपछि परीक्षण गरी शनिबार बिहानदेखि राजमार्ग पूर्णरूपमा खुलाइएको डिभिजन सडक कार्यालय भक्तपुरले जानकारी दिएको छ। शनिबार बिहानैदेखि सवारीसाधन सञ्चालनमा ल्याउनेगरी रातको समयमासमेत कामलाई निरन्तरता दिइएपछि राजमार्ग पूर्णरूपमा खुलाउन सम्भव भएको कार्यालयका अधिकारीहरू बताउँछन्।

शुक्रबार साँझसम्ममा राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-६ स्थित चौकीडाँडादेखि रोशी गाउँपालिकाको माम्तीसम्म 'ट्र्याक' खोली सकेर परीक्षण गरिएको थियो। कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले राजमार्गको चौकीडाँडा, कटुञ्जे-घुमाउने, चारसयबेँसी, गिम्दीबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना, कालढुंगा, डालाबेँसी, तथा पिप्लेको चार स्थान, माम्तीको दुई स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी शनिबारदेखि पूर्णरूपमा यातायात सञ्चालन गरिएको बताए।

कार्यालयले उक्त राजमार्गको काभ्रेपलाञ्चोक खण्डमा १६ र सिन्धुली खण्डमा तीन स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी शुक्रबार अपराह्नमा ट्र्याक खुलाएको थियो। राजमार्गको काभ्रेपलाञ्चोकको सडकखण्डमा खोला फर्काएर 'डाइभर्सन' निर्माण भएको हो। 'ट्र्याक खोलीसकेर खुलेको सडकको अवस्था हेरेर केही गाडीद्वारा परीक्षण गऱ्यौं र थप सुधार गर्नुपर्ने तथा साँघुरो भएको स्थानमा राति काम गरेर शनिबार बिहानदेखि पूर्णरूपमा राजमार्ग सञ्चालनमा ल्याएका हौं,' योगेशले भने। रोशी खोलाको बाढीले रोशी क्षेत्रमा करिब चार किलोमिटर सडक कटान गरेको थियो।

मंगलबारदेखि औपचारिक रूपमा डाइभर्सन निर्माण थालिएको हो। योगेशले बिहीबार दिउँसोदेखि रातको समयमासमेत करिब दुई दर्जन मेसिनद्वारा अस्थायी सडक निर्माण गरिररहेको बताए। बाढीपहिरोले राजमार्गको १७ स्थानमा क्षति पुऱ्याएको थियो। सोही क्षेत्रमा गत वर्षको बाढीपहिरोले सडक क्षतिग्रस्त बनाएपछि डाइभर्सन बनाएर अस्थायीरूपमा सडक सञ्चालन हुँदै आएको थियो।

बिहीबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले क्षतिग्रस्त उक्त राजमार्गको विभिन्न खण्डको अवलोकन गरी छिटोभन्दा छिटो राजमार्ग सुचारु गर्नेगरी बनाइरहेको 'डाइभर्सन' निर्माण कार्यलाई तीव्र बनाउन सडक विभागका अधिकारीलाई निर्देशन दिएका थिए। घिसिङले रातको समयमासमेत काम गरेर भए पनि शुक्रबार बेलुकासम्ममा यातायात सञ्चालन हुनेगरी कामलाई तीव्रता दिन भनेका थिए।

पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं यातायातका साधन आवतजावत हुने गर्छन्। कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको थियो।

## पृष्ठ १ बाट क्रमशः

### टासी...

यतिबेला जेन-जी पुस्ताबाट मन्त्रिपरिषद्मा टासीको नाम आउँदा उनी पहाडे राष्ट्रवादीहरूको तारो बनेको पनि मानवशास्त्री थिङ बताउँछन्। समाजशास्त्री राम गुरुङ त नेपाली नागरिकतावाहक टासीलाई तिब्बती शरणार्थीको आरोप लगाउनु गलतमात्रै नभएर अराजनीतिक पनि भएको बताउँछन्। 'उहाँको ओरिजिन कहाँ हो? कहाँबाट नेपाल प्रवेश गरेको हो? जातीय दृष्टिकोणले प्रश्न गर्नु कत्तिको जायज हो भन्ने बहसको विषय होला तर नेपालको नागरिकतावाहक जो कोही मन्त्रिपरिषद्मा जान पाउँछन् र अहिलेको टासीमाथिको आरोप अराजनीतिक मान्छु,' उनले भने।

टासीलाई जिल्ला प्रशासन कार्यालय हुम्लाले ७ माघ २०७४ मा वंशजको नागरिकता दिएको हो। मौजुदा नेपाल नागरिकता ऐनअनुसार कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ। नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने छ।

टासीको बुबा र आमा नेपाली नागरिक हुन्। सोही आधारमा उनले नेपाली नागरिकताको प्रमाणपत्रमा वंशजको आधारमा प्राप्त गरेको देखिएको छ। तर, टासीलाई तिब्बती शरणार्थीको रूपमा प्रचार गरिएको छ। नेपाल नागरिकता ऐनअनुसार कुनै पनि देशको शरणार्थीलाई नेपालको नागरिकता वंशज न अंगीकृत वा गैरआवासीय प्राप्त हुँदैन। त्यसो हुँदा टासी नेपाली नागरिक हुन् भन्नेमा निर्विवाद छ। तैपनि उनलाई तानिएकोमा छ। यसप्रति आदिवासी जेन-जीहरूले विरोध जनाएका छन्। उनीहरूले टासीमाथि लागेका आरोपहरूको खण्डन पनि गरे।

शनिबार उनीहरूले विज्ञप्ति जारी गर्दै भने, 'इण्डिजिनियस जेन-जी कलेक्टिभ्सको सदस्यको रूपमा सक्रिय अभियन्ता टासी ल्हान्जोममाथि हेर्दै नेपालीजस्तो नदेखिने, नेपाली भाषा राम्रोसँग बोल्न नजान्ने, विदेशी शक्तिहरूद्वारा परिचालित, नक्कली नागरिकता लिएको जस्ता तथ्यहीन, कपोलकल्पित आरोपहरू लगाउँदै उनलाई मन्त्रिपरिषद् सदस्य बनाउँदा नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डतालाई आँच पुने भनिएको छ। यी कुनै पनि आरोप सत्य र तथ्यमा आधारित नभएको हामी स्पष्ट पार्न चाहन्छौं।'

वर्ष २६ की टासीले नेपालको हिमाली भेगमा जलवायु परिवर्तनसम्बन्धी संवेदनशील विषयवस्तुहरूलाई वृत्तचित्र एवं श्रव्य र दृष्यमार्फत उठान गर्दै आएकी छन्। उनी जलवायु परिवर्तनकी सशक्त अभियन्ता हुन्। उनै टासीलाई कार्की मन्त्रिपरिषद्मा समेट्नुअघि नै कथित् राष्ट्रवादीहरूले विवादमा ल्याएका हुन्।

■■■

### अलमलमा...

उता एमालेको केन्द्रीय कमिटी बैठक पनि दुई दिन पछाडि सरेको छ। पार्टी केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार तयारी नपुगेकाले यही २७ असोजमा बस्नेगरी बोलाएको बैठक अब असोजको २९ गतेदेखि ३१ गतेसम्म बस्ने छ।

तर, एक जना सचिवालय सदस्य अध्यक्ष ओलीको राजीनामाको प्रस्ताव आएपछि बैठक स्थगित गरिएको बताउँछन्। उनका अनुसार ओली राजीनामाको प्रस्तावले रक्षात्मक बनेका छन्। सोही कारण ओलीले सचिवालय बैठक स्थगित गरेका हुन्। यद्यपि, ओली अस्वस्थ भएकाले बैठक स्थगित गरिएको बताइएको छ।

गएको २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि एमालेको बहुसंख्यक पदाधिकारी ओलीको राजीनामा मागिरहेका छन्। २३ असोजको बैठकमै उनीहरूले पार्टी पुनर्गठनको प्रस्ताव सचिवालय बैठकमा गरेका थिए, जुन बैठक हाल ओलीको डेरा रहेको गुण्डुमा बसेको थियो। यो बैठकपछि ओली भस्किएका छन्। त्यो सचिवालय बैठकले भने पार्टी पुनर्गठनबारे कुनै निर्णय गरेन। केन्द्रीय समिति बैठक बोलाउने निर्णय गऱ्यो। बैठकको एजेण्डा तयार गर्नकै लागि सचिवालय बैठक ओलीले शनिबार आह्वान गरेका थिए। अन्तिममा आफ्नो स्वास्थ्यमा समस्या देखिएको कारण जनाउँदै बैठक स्थगित गरिदिए।

एक नेताका अनुसार पार्टी पुनर्गठनका लागि उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले लिखित प्रस्ताव नै पेस गरेकी छन्। उनले अहिले नेतृत्व तहमा रहेका सबैले छाडेर नयाँलाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने प्रस्ताव गरेकी हुन्। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, विष्णु पौडेल र रामबहादुर थापाले पनि पुनर्गठनको प्रस्ताव गरेका छन्। यसको विपक्षमा उपाध्यक्ष गुरु बराल र महासचिव शंकर पोखरेल उभिएका छन्। उपमहासचिव प्रदीप ज्ञवाली तटस्थ देखिएका छन्।

■■■

### यस्तो छ...

'अंग्रेजी भाषामा आइइएलटिएस परीक्षणमा कम्तीमा ६.० स्कोर वा टोफेल पिबिटी/आइबिटी मध्ये कुनै एउटा परीक्षामा कम्तीमा क्रमशः ५५०/२१३/७९ स्कोर हासिल गरेको वा पिटिई परीक्षामा कम्तीमा ५१ अंक प्राप्त गरेको र यस दफा अनुसारको भाषा परीक्षामा सहभागी भएको अवधि दुई वर्ष ननाघेको,' श्रम सहचारी नियुक्तिका लागि तोकिएको योग्यतामा उल्लेख छ।

उक्त मापदण्डअनुसार छनोटको सूचना प्रकाशन भएको मितिदेखि अनिवार्य अवकाशको अवधि दुई वर्षभन्दा कम भएको अवस्थामा श्रम सहचारी पदमा उम्मेदवार बन्न अयोग्य मानिने छ। साथै, छनोट सूचना प्रकाशन भएको मितिले विगत एक वर्षको अवधिमा कुनै विभागीय कारबाही पाएको, कुनै कसुरको अभियोगमा अनुसन्धानका लागि थुनामा रहेको वा निलम्बनमा रहेको अवधिभर, एकपटक काउन्सेलर (श्रम) तथा श्रम सहचारीमा रही काम गरिसकेको कर्मचारीले पनि उम्मेदवार बन्न पाउने छैनन्।

'काउन्सेलरका लागि निजामती सेवाको रा.प. द्वितीय श्रेणीको अधिकृतस्तरको पदमा र श्रम सहचारीका लागि निजामती सेवाको रा.प. तृतीय श्रेणीको अधिकृतस्तरको पदमा अविच्छिन्न तीन वर्ष सेवा अवधि पूरा नभएको, छनोटको सूचना प्रकाशन भएको मितिदेखि लगत्तै अघिको दुई वर्षको अवधिमा पटक-पटक वा एकमुष्ठ रूपमा छ महिनाभन्दा बढी बेतलबी वा असाधारण बिदा बसेको,' श्रम सहचारी छनोट तथा नियुक्तिका लागि अयोग्य हुने बुँदामा उल्लेख छ।

# मतदाता नामावली दर्ता गर्नेको चहलपहल

**खोटाङ (प्रस)–** जेन-जी आन्दोलनपछि बनेको वर्तमान सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गरेसँगै खोटाङमा फोटोसहितको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने/गराउने युवाको चहलपहल बढेको छ।

गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचन आयोगलाई दिएको निर्देशनअनुसार निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्न यही असोज ९ गतेदेखि देशभर एकैसाथ मतदाता नामावली संकलन तथा अद्यावधिकको काम सुरु गरेसँगै खोटाङका नागरिकले पनि आफ्नो नाम दर्ता तथा अद्यावधिक गर्न थालेका हुन्।

दश स्थानीय तह रहेको जिल्लामा दैनिक १५ देखि ४० जनासम्मले आफ्नो नाम फोटोसहितको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक गराउने गरेको जिल्ला निर्वाचन कार्यालय खोटाङका प्रमुख रवीन मगरले जानकारी दिए। 'देशभर खुला गरिएको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक आगामी कात्तिक ३० गतेसम्म सञ्चालन हुन्छ। जिल्लामा अहिलेसम्म अपेक्षा गरेअनुसार मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने काम भएको छैन। यद्यपि, हामीले प्रचारप्रसार गरिरहेका छौं,' उनले भने।


**कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/२५**

यस कम्पनीको मिति २०८२/०५/३१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टिम रियल स्टेट कम्पनी**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टिम टचुरिजम एण्ड हस्पिटालिटी (दर्ता नं. २७०१८३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/२६**

**आर्यतारा इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.** को मिति २०८२/०४/१६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर्यतारा होल्डिङ्स प्रा. लि. (प्रा.लि नं. ३६५०५०)** कायम गर्ने गरी मिति २०८२/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**Sindhu Jwala Hydropower Limited**

**Upper Nyasem Khola Hydroelectric Project (43 Mw)/**
**Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)**

**Time Extension Of Bid Submission**

**(1st date of Publication of Notice: 2025/09/12)**

**(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-2HM-01)**

**(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-3EM-01)**

In response to various inquiries and to provide ample time for bid preparation and submission, we hereby announce that the deadline for the submission of bidding document **"the Lot 2: Hydromechanical Works" (Contract Identification No. : SJHL/UNKHEP/081/082/L-2HM-01), "the Lot 3: Electromechanical Works" Contract Identification No.: SJHL/UNKHEP/081/082/L-3EM-01)** has been extended to 2025/10/20 date. The Bid Validity and Bid Security should be accordingly extended by seven (7) days. **has been extended to 2025/10/20** date.

*Please be aware that all other terms and conditions stated in the original document will remain unaltered.*

**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com, https://www.sindhuhydro.com

**साउदीमा रोजगारको अवसर** कम्पनी : **TOUCH, TASTE AND SWEETNESS FOUNDATION**

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331749 | चलानी नं. ६०२४५४६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 2 | 0 | 1500 | ५०,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक २ गते (19th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार** कम्पनी : **MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C**

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 323525 | चलानी नं. ६०२३७५०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 104 | 0 | 900 | ३४,९४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा धमाधम भइरहेको छ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Future Star Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9813916322, 9810101810, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

**साउदीमा रोजगार** कम्पनी : **ABDULAZIZ DHAIFALLAH AL-MUTAIRI TRADING COMPANY.**

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332196 | चलानी नं. ६०२४५८६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 20 | 0 | 1000 | ३८,००९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक २ गते (19th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : www.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**MIKLAJUNG RURAL MUNICIPALITY**

**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**

**Madhumalla, Morang**

**Koshi Province, Nepal**

**Invitation for Bid**

**FIRST NOTICE: 26 Ashoj 2082 (12th OCT 2025)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| Contract Identification Number and description of works | Bid Security Amount (NRs) | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Estimated Amount Without VAT & P.S |
|---|---|---|---|---|---|
| 2/MRMM/WORKS/ NCB/082/83 (Construction of School Building of Bakraha Mavi) | 2,00,000 | 3000 | 12:00 noon 12th Nov 2025 | NCB | 76,97,328.80 |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Miklajung Rural Municipality.

**Chief Administrative Officer**

# जग्गाको श्रेस्ता कायम गर्ने प्रक्रिया थप सरल, यस्तो छ नयाँ व्यवस्था

**काठमाडौं–** सरकारले गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण क्षति भएका जग्गाको श्रेस्ता कायम गर्ने प्रक्रियालाई सरलीकृत गरेको छ।

यसअघि देशका विभिन्न मालपोत कार्यालयले जारी गरेको सूचनाका कारण आमनागरिकमा त्रास फैलिएपछि सरकारले थप सरलीकृत गरेको हो। आन्दोलनका क्रममा आगलागीका कारण क्षति भएका मालपोत कार्यालयलाई पत्राचार गर्दै लालपुर्जा र नागरिकतागायत जग्गाधनीसँग रहेका कागजातका आधारमा सहजरूपमा श्रेस्ता कायम गर्न सकिने व्यवस्था गरिएको छ।




भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव जीवनराज सेढाईंका अनुसार जग्गाधनसिँग भएको सक्कल जग्गाधनी प्रमाणपुर्जा र प्रणालीमा भएको अभिलेख भिडेमा प्रणालीबाट त्यस्तो जग्गाको श्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ श्रेस्ता कायम गरिने छ।

यदि अभिलेख फरक पर्न गएको खण्डमा 'डकुमेन्ट म्यानेजमेन्ट सिस्टम (डिएमएस)मा भएको अभिलेखसँग भिडान गर्ने र अभिलेख भिडेको अवस्थामा आवश्यक विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको श्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ श्रेस्ता कायम हुने भूमि व्यवस्थापन तथा अभिलेख विभागले जानकारी दिएको छ।

नापी कार्यालयमा रहेको फिल्डबुक तथा प्लटरजिस्टर नक्सा, स्थानीय तहमा रहेको मालपोत लगत र मालपोत वा सम्पत्ति कर बुझाएको रसिदलाई आधार मानी प्रणालीमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको श्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिने छ।

सो व्यवस्थाबमोजिम अभिलेख नभिडेको हकमा जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपी वा पारित लिखतको सक्कलप्रति पेस हुन आएमा वा बैंक तथा वित्तीय संस्था, अड्डा अदालत वा अन्य निकायमा पेस गरेको कागजात सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपी पेस भएमा स्थानीय तहबाट हक भोगको सिफारिस लिई सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी नयाँ श्रेस्ता कायम गर्ने विभागको पछिल्लो निर्देशमा उल्लेख छ।

सार्वजनिक सूचना हकभोगसम्बन्धी स्थलगत सर्जमिन र जानीजानी झूठा विवरण पेस गर्ने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही सहुँला बुझाउँला भनी सम्बन्धित जग्गाधनीको कबुलियतनामा कागज गराई सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको श्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिने विभागले जनाएको छ।

जग्गाधनी दर्ता प्रमाणपुर्जा पेस नभएमा वा पेस भएको प्रमाणबाट यकीन हुन नसकिएमा आवश्यकताअनुसार हकभोगसम्बन्धी स्थानीय तहको सिफारिस, स्थलगत सर्जमिन र सार्वजनिक सूचना गर्न सकिने विभागले उल्लेख गरेको छ।

नष्ट भएका जग्गाधनी श्रेस्ता कायम गर्दा नापी कार्यालयको फिल्डबुक, प्लट रजिस्टर नक्सा, मालपोत कार्यालयको तामेली अभिलेख, व्यक्तिसँग भएको सक्कल पारित लिखत र प्रणालीको रेकर्डबाट सरकारी सार्वजनिक तथा दर्ता बाँकी जग्गा हो होइन यकीन गर्न सकिने छ।

नष्ट भएको रोक्का लगतका सम्बन्धमा प्रणालीमा भएको रोक्का रेकर्डलाई साविक गाविसअनुसार प्रिन्ट गरी रोक्का किताब तयार पार्नुपर्ने छ। रोक्का राख्ने संवैधानिक निकाय, बैंक तथा वित्तीय संस्था, प्रशासनिक निकाय तथा न्यायिक निकायलाई रोक्का राखिएको अचल सम्पत्तिको विवरण उपलब्ध गराइदिन पत्राचार गर्ने र प्राप्त विवरणलाई भिडाइए अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

कार्यालयको कुनै पनि अभिलेखबाट रोक्का रहेको विवरण खुल्न आएमा सोलाईसमेत आधार लिई अभिलेख अद्यावधिक गर्नुपर्ने। नष्ट भएको श्रेस्ता अद्यावधिक भएपछि उक्त श्रेस्ताबाट कारोबार गर्दा ऋणी नी दुवैलाई सो व्यहोराको जानकारी दिई लिखत पारित गर्ने व्यवस्था मिलाउनुपर्ने प्रबन्ध गरिएको छ।

विभागले मालपोत कार्यालय दाङ (तुलसीपुर), कास्की, चितवन (भरतपुर), खैरहनी, काठमाडौं (कलंकी) र रूपन्देही (बुटवल), कैलाली (धनगढी), बाँके (नेपालगञ्ज), दाङ (घोराही) र मोरङ (विराटनगर)लाई एकसाथ परिपत्र गर्दै जग्गाधनीलाई सरल र सहजरूपमा सेवा प्रदान गर्न निर्देशन दिएको छ।

मालपोत ऐन, २०३४ र मालपोत नियमावली, २०३६ तथा भूमि प्रशासन निर्देशिका, २०८१ मा भएका व्यवस्थाका अतिरिक्त अन्य विभिन्न पाँचवटा मुख्य बुँदालाई आधार बनाउन विभागले निर्देशन गरेको छ। आन्दोलनका क्रममा जलेर नष्ट भएको जग्गाधनी दर्ता श्रेस्ता, रोक्का अभिलेख तयार गर्न गराउने सम्बन्धमा यही असोज २३ को मन्त्रीस्तरीय निर्णयअनुसार आवश्यक निर्देशन दिइएको विभागले जानकारी दिएको छ।

आन्दोलनका क्रममा देशभरका विभिन्न छ वटा मालपोत कार्यालय पूर्णरूपमा क्षति भएका थिए भने १४ वटा मालपोत कार्यालय आंशिकरूपमा क्षति तथा तोडफोड भएका थिए। आन्दोलनका क्रममा झण्डै १० लाख लालपुर्जाको ढड्डा जलेको अनुमान गरिएको छ। तोडफोड र आगलागीका कारण क्षतिग्रस्त भएका विभिन्न मालपोत कार्यालयले आंशिकरूपमा सेवा प्रवाह सुरु गरेका छन्। *रासस*

# कामपाका करिब ११ प्रतिशत विद्यार्थीमा दृष्टि समस्या

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत ११ हजार ६३७ जना छात्रछात्राको आँखा जाँच गर्दा एक हजार २६० जनामा दृष्टिसम्बन्धी समस्या भेटिएको जानकारी दिएको छ।

कामपा स्वास्थ्य विभागले नेपाल नेत्रज्योति संघ र कीर्तिपुर आँखा अस्पतालसँगको सहकार्यमा हरेक वडाबाट कम्तीमा एउटा विद्यालय पर्नेगरी विद्यालय छनोट गरेर परीक्षण गरिएको जनाइएको छ। विभागका प्रमुख दीपककुमार केसीका अनुसार परीक्षण कक्षा १ देखि कक्षा १० सम्मका छात्रछात्रालाई सहभागी गराइएको थियो। जसमा छ हजार १७५ जना छात्र र पाँच हजार ४६२ जना छात्रा थिए।

जाँच गरिएकामध्ये करिब १०.८३ प्रतिशत अर्थात् एक हजार २६० जना छात्रछात्रामा नजिकको देख्न नसक्ने या टाढाको देख्न नसक्ने खालका समस्या देखिएको छ। करिब २.६१ प्रतिशत अर्थात् ३०४ जनामा आँखामा हुने विभिन्न खालका रोग भेटिए। जाँचपछि आधारभूत र आवश्यकता परेका ११ प्रकारका औषधिहरू वितरण गरिएको थियो।

आँखाको नियमित उपचार गर्नुपर्ने विद्यार्थी पहिचान गर्ने, पहिचान भएका सामान्य समस्याको तत्काल उपचार गर्ने, विद्यार्थीहरूमा आँखाको स्वास्थ्य र स्वच्छताका लागि हेरचाह, स्याहारको बानी विकास गराउने, विद्यार्थी, शिक्षक र अभिभावकमा आँखाको स्वास्थ्यका विषयमा सचेतना वृद्धि गराउने कार्यक्रमको उद्देश्य रहेको पनि कामपाको भनाइ छ।

यस जाँचबाट विद्यालय उमेरका बालबालिकाहरूको दृष्टि बचाउन विद्यालयस्तरीय आँखा जाँच कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, यसका लागि बहुक्षेत्रीय साझेदारिता बढाउनुपर्ने, तथ्यांक व्यवस्थापन र विश्लेषणका आधारमा कार्यक्रम तर्जुमा गर्दै लैजानुपर्ने, विद्यालयका शिक्षक र कर्मचारीहरूमा दृष्टि दोष पत्ता लगाउने र समाधानका उपायमा काम गर्ने क्षमता बढाउनुपर्ने, एकीकृत र डिजिटल सेवा विकास गर्नुपर्ने र यी सबै काम गर्न नीति तर्जुमा गर्नुपर्ने सुझाव प्राप्त भएको छ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)को तथ्यांकअनुसार, विश्वमा कम्तीमा दुई करोडभन्दा धेरै मानिसमा दृष्टि कमजोरी वा दृष्टिविहीनता छ। अंग्रेजी वर्षको हरेक अक्टोबर महिनाको दोस्रो बिहीबार विश्व दृष्टि दिवसका रूपमा मनाइन्छ। यस वर्ष दृष्टि, प्रविधि र भविष्य नारासहित दिवसका कार्यक्रम मनाइँदै छ।

# त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन कार्यान्वयनमा ल्याइने

**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक गरी कार्यान्वयनको तयारी गरेको छ।

मन्त्रिपरिषद्को यही असोज २३ गतेको बैठकले प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गर्न जिम्मेवारी दिएपछि मन्त्रालयले सोको तयारी गरेको हो। शिक्षामन्त्री महावीर पुनले आफूले प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिएको सामाजिक सञ्जालबाट जानकारी दिएका छन्।

गत पुस २ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विश्वविद्यालयका पदाधिकारीसहितको उपस्थितिमा खोजबिन समितिका सदस्य महेन्द्र थापाले उक्त प्रतिवेदन हस्तान्तरण गरेका थिए। २०८० जेठ १७ गते मन्त्रिपरिषद्बाट पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो।

प्रतिवेदनले २०१३ सालदेखिका त्रिविको कीर्तिपुर, नैकाप, ढुंगेअड्डा, पाटनलगायत काठमाडौं उपत्यकाका २१ वटा क्याम्पसका जग्गाको अवस्था, दुरूपयोग र उपयोगका लागि समाधानका उपायसमेत सुझाएको थियो। समितिले जग्गाको दुरूपयोग भएका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा लेखी पठाउन पनि सुझाव दिएको थियो। तर ओली नेतृत्वको सरकारले उक्त प्रतिवेदन सार्वजनिक नगरी गुपचुप राखेको थियो। जेन-जी आन्दोलनपछि बनेको नागरिक सरकार बनेसँगै पूर्ववर्ती सरकारले लुकाएको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने तयारी गरेको हो।


**Fewa HR Solutions Pvt. Ltd.**

KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

श्रम इजाजत नं. १४८५/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : UNITED HORIZONS CONTRACTING COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332225 | चलानी नं.६०२४५९१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 1 | 0 | 1350 | ५०,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक २ गते (19th Oct. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क रू. | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मान्म, कालिकोट, कर्णाली प्रदेश नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२६ गते)**

उपरोक्त सम्बन्धमा मिति २०८२/०६/२१ गतेको निर्णय अनुसार यस **खाँडाचक्र नगरपालिका**को विभिन्न सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि राष्ट्रियस्तरका दैनिक पत्रिकाहरु बीच प्रतिस्पर्धा गरी सबैभन्दा बढी छुट कबोल गर्ने वा न्युनतम दर कबोल गर्ने विज्ञापन एजेन्सीबाट सूचना प्रकाशन कार्य गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्नका लागि ईजाजत प्राप्त इच्छुक विज्ञापन एजेन्सीले तपसिलको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सिलबन्दी दररेट पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. सिलबन्दी दरभाउपत्रका साथ कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलीपि, व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि, विज्ञापन बोर्डमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात पेश गर्नुपर्ने।
२. सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म तथा व्यवसायीले दररेट प्रस्ताव फाराम (BOQ) फर्म्याट यस कार्यालयको वेबसाइट www.khandachakramun.gov.np बाट download गर्न सकिनेछ। BOQ का साथ रू.१,०००/- (अक्षरेपी एक हजार रुपैया मात्र) यस कार्यालयको आन्तरिक राजस्व खाता ४१२०१००३०१०१०००२ राष्ट्रिय बाणिज्य बैकको खातामा दाखिला गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ र उक्त रकम फिर्ता हुने छैन।
३. नियमानुसार सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस नगरपालिकाको कार्यालयमा दररेट पेश गरिसक्नु पर्नेछ। यसरी दर्ता हुन आएका प्रस्तावपत्र १६ (सोहौ) दिनको ३:०० बजे प्रस्तावदाता र निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।
४. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रू.५०,०००। (अक्षरेपी पचास हजार रुपैया मात्र) यस कार्यालयको धरौटी खाता ४१२०१००३०३००००००२ राष्ट्रिय बाणिज्य बैकको खातामा दाखिला गरेको सक्कल भौचर वा ७५ दिन अवधि भएको बोलपत्र जमानत सहित सिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ।
५. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावहरूलाई स्वीकृत गरिने छैन।
६. प्रस्ताव पेश गर्ने फर्म/विज्ञापन एजेन्सीहरूले पेश गरेको दररेट मध्ये सबैभन्दा कम दररेट पेश गर्ने विज्ञापन एजेन्सीको दररेट स्वीकृत गरिनेछ। दररेट स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।
७. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

**दर्ब बहादुर शाही**
**नि.प्रमुख प्रशासकीय अधिकृत**



**Jagadulla Rural Municipality**
**Office of Rural Municipal Executive**
**Majhgaun, Dolpa**
**Karnali Province**

**Invitation for Bids**

**Notice No. 3-082/83/JRM/NCB**

**First Date of Publication: 2082/06/26 (12th Oct, 2025)**

1. The Central / Provincial Government of Nepal [GoN] and Local Level Gon has allocated funds towards the cost of following works, and intends to apply part of the funds to cover eligible payments under the Contract given in the Table below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N | Contract Identification No | Description and Location of Works | Estimated Amounts (NRs) Without VAT & PS | Fee for Bid Documents (NRs) | Minimum Bid Security Amount (NRs) | Bid Validity Periods (Days) |
|---|---|---|---|---|---|---|
| 1 | JRM/ NCB/W-2/2082-83 | Thapagaun Dekhi Tinmuli Sidi Nirman (Ward no 3) Jagadulla 3 Dolpa | 14984086.00 | 3000 | 440000.00 | 90 |

Bid security period shall be 30 days beyond bid validity period. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Jagadulla Rural Municipality Office, Majhgaun, Dolpa or PPMO Website :- www.bolpatra.gov.np/egp

2. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO website: Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank : Nepal Bank Limited, Jagadulla Branch , Office Code no : 801066105**
**Office Account no : 24903000001001000001 Revenue head no. : 14229**
**Name of Office : Jagadulla Rural Municipality Majhgaun, Dolpa**

3. Pre-bid meeting shall be held. Date:2025.11.01 Time:12:00 Pm Address: Jagadulla Rural Municipality
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 Hrs*** on ***2025/11/12***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***12:10 Hrs on 2025/011/12*** at the office of ***Jagdulla Rural Municipality, Majhgaun***.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief administraitive officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राजनीतिक अस्थिरताले पर्यटनमा धक्का

**मुलुकको राजनीति सामान्य अवस्थामा भएको भए यतिखेर विदेशी पर्यटकहरू धमाधम भित्रिने समय हो । किनकि, मनसुन अन्त्यसँगै मुलुकमा पर्यटकीय सिजन सुरु भइसकेको छ । तर, यो वर्ष पर्यटन क्षेत्रमा उत्साह छैन । मुख्य सिजनमै पर्यटक आगमन घटेपछि पर्यटन व्यवसायीहरू निराश देखिन्छन् । पटक–पटक राजनीतिक अस्थिरताका कारण प्रभावित बनेको पर्यटन क्षेत्रमा यसपटक जेन–जी आन्दोलनले पुनः धक्का पुऱ्याएको छ । २०७२ सालको भूकम्प र त्यसपछि विश्वव्यापी कोरोना महाभारीको समय धराशायी बनेको पर्यटन क्षेत्र क्रमशः लयमा फर्कँदै थियो । जेन–जी आन्दोलनले त्यसमा पुनः 'ब्रेक' लगाइदिएको छ ।**

**'पर्यटनबाटै समृद्धि' को नारा लगाउने सरकार र राजनीतिक दलहरू यो क्षेत्रका लागि आवश्यक वातावरण निर्माणमा असक्षम बनेको तथ्य कतै लुकेका छैन । पछिल्लो राजनीतिक अवस्था सिर्जना हुनुमा पनि दलहरू नै मुख्य जिम्मेवार हुन् । जब देशमा राजनीतिक अस्थिरता हुन्छ, विदेशी पर्यटक आउँदैनन् । अस्थिरताका बेला नेपाल आउँदा आफ्नो कार्यतालिका प्रभावित हुने त छँदै छ, सुरक्षाको दृष्टिकोणले पनि संवेदनशील हुने भएकोले पर्यटक आउन चाहँदैनन् । पर्यटक भित्र्याउनका लागि उनीहरूलाई सुरक्षाको ग्यारेण्टी दिन सक्नुपर्छ । जब सुरक्षित महसुस हुँदैन भने कोही पनि नेपाल आउन चाहँदैनन् ।**

**जेन–जी आन्दोलनका क्रममा भएको हत्या, हिंसा, तोडफोड, आगजनीलगायत घटनाले विश्वमा नै नराम्रो सन्देश गएको छ । उक्त आन्दोलनले सत्ता नै परिवर्तन गरी चुनावतर्फ मुलुकलाई धकेलेको छ । अझै पनि राजनीति कुन बेला के हुने हो भन्ने निश्चित छैन । चुनावी माहोल बढ्दै जाँदा हिंसात्मक गतिविधि बढ्ने आशंकामा पनि अधिकांश विदेशी पर्यटकहरू यो सिजन नेपाल आउन नचाहेको व्यवसायीहरू बताउँछन् । यो सिजनका लागि बुकिङ गरिसकेका कयौं पर्यटकले आफ्नो भ्रमण रद्द गरेका उनीहरूको भनाइ छ । व्यवसायीहरूले भनेजस्तै परिणाम पर्यटक आगमनको संख्यामा देखिएको छ । गत वर्षभन्दा बढ्ने अपेक्षा गरिएको पर्यटक संख्या यो वर्ष सिजनको सुरुआतमै घट्न पुगेको छ ।**

**राजनीतिक अस्थिरतालाई कारण देखाउँदै पर्यटकले धमाधम भ्रमण कार्यक्रम रद्द गरेसँगै धेरै व्यवसायीहरू कामविहीन बनेका छन् । पर्यटन क्षेत्रसँग सम्बन्धित सयौं श्रमिकहरूको रोजीरोटी बन्द भएको छ । साथै, पर्यटनसँग सम्बन्धित होटल, होमस्टे, यातायातलगायत क्षेत्र पनि प्रभावित बनेका छन् । यसले मुलुकमा विदेशी मुद्रा भित्र्याउने अवसर पनि गुमेको छ । यसबाट मुलुकको अर्थतन्त्रमा धक्का लाग्ने निश्चित भएको छ ।**

**पर्यटकीय सिजनमा व्यहोरेको यो क्षतिलाई पूर्ति गर्न सम्भव छैन । अबको बाटो भनेको मुलुकलाई छिटो संक्रमणबाट मुक्त गरी राजनीतिक स्थिरतातर्फ अगाडि बढाउनु हो । फागुन २१ का लागि तोकिएको निर्वाचन सफल बनाई स्थायी सरकार निर्माण गरी मुलुकमा व्याप्त भ्रष्टाचार र कुशासनको अन्त्य गर्न राजनीतिक दल र सरोकारवाला सबैको ध्यान पुग्न जरुरी छ । पर्यटनको अथाह सम्भावना छ भन्ने तर वातावरण नबनाउने प्रवृत्ति तोड्नुपर्ने आजको प्रमुख आवश्यकता हो । यसतर्फ सरोकारवाला सबै जिम्मेवार बनोस् । विश्वलाई नेपाल सुरक्षित छ भन्ने सन्देश दिन ढिलाइ नगरौं ।**

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन–कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# इतिहासको मूल्य नबिसौं



■ टिकाराम सुनार

> आजको नेपाल बनाउन कयौं शताब्दी बितेका छन्, भलै धेरैलाई योभन्दा कैयन राम्रो नेपाल बनाउन सकिन्थ्यो भन्ने लाग्छ । त्यो बहसकै विषय हो, तर आज हाम्रा अगाडि जे-जस्तो नेपाल छ, त्यो समयको प्रतिफलमात्रै होइन, पुर्खाहरूको पौरखको उपलब्धि हो । अब यसलाई भत्काउने होइन, सिँगार्नेहरूको खाँचो छ । सबैको अपनत्व र सबैका लागि अवसर भएको नेपाल आजको आवश्यकता हो । त्यस्तो अवस्था बनाउन सकिएमामात्रै बलिदानको मूल्य सुरक्षित रहन्छ । लोकतन्त्रको भविष्य उज्यालो हुन्छ । काठमाडौंका सडक र मञ्चमा पोखिने आवाजमात्रै होइन, 'समग्र नेपाल' को आवाज सुरक्षित भएमात्रै त्यस्तो नेपाल बन्नसक्छ ।

सडकमा उर्लिएको 'जेन-जी' प्रदर्शनले निम्त्याएका परिणामहरू हाम्रा अगाडि नै छन् । त्यसको 'रापताप' केही सेलाउँदै छ, तर नेपाली राजनीति र समाजलाई सोधेका कठोर प्रश्न अझै तातै छन् । आक्रोश र निराशाको 'ज्वालामुखी' किन फुट्यो ? हामी यो प्रश्नभन्दा पर पुगिसकेका छौं । अब त्यसले उत्सर्जन गरेका 'विषय' कसरी सम्बोधन हुन्छन् ? यो प्रश्न हाम्रा अगाडि छ । यसको तत्कालको उत्तर हो- गोलीले दागेका 'घाउ' मा मल्हम लगाउँदै आगामी फागुन २१ मा प्रतिनिधिसभा निर्वाचनको सुनिश्चित गर्नु । दीर्घकालीन उत्तर भने भ्रष्टाचार, कुशासन, दण्डहीनताको अन्त्य गर्दै सुशासन र समावेशी लोकतन्त्र उन्नत बनाउन आवश्यक वातावरण बनाउनु ।

अहिले समाजमा आशा र निराशा दुवै मडारिरहेका छन् । कसैले बादलभित्र 'चाँदीको घेरा' देखिरहेका छन् भने कसैले 'कालो बादल' । यी दुई मनोविज्ञानबाट ग्रस्त र त्रस्त हुने अवस्था छ । गलत सूचनाको बाढीले समाजलाई दोबाटोमा उभ्याइरहेको छ । एकातर्फ सुदृढ लोकतन्त्र, सुधारिएको दलीय व्यवस्था, सबैको विकास र सबैको अपनत्व भएको नेपाल । अर्कोतर्फ उत्तेजना र निराशाको आवरणमा भय सिर्जना गरेर 'राष्ट्र' र 'राष्ट्रिय हित' रक्षाको नाममा एउटा 'नायकत्व' भेट्ने बाटो । नेपाली समाजले पहिलो बाटोतर्फको यात्रालाई सुरक्षित देख्छ तर युवा आक्रोशको सही बैठान गर्न सकिएन भने विपरीत मार्ग फराकिलो बन्न सक्छ ।

## युवा आक्रोश

असन्तोष नेपाली समाजको स्थायी प्रवृत्तिजस्तै भइसकेको छ । यसको जरा भ्रष्टाचार, असमानता, बेरोजगारी र दण्डहीनतासँग जोडिएको छ । राज्य स्रोतको अस्वाभाविक दोहन गर्ने 'सम्भ्रान्त' प्रवृत्तिले यसमा मलजल गरिरहेको छ । यस्ता प्रवृत्तिविरुद्ध इतिहासमा पटक-पटक यसरी आक्रोश पोखिएका छन् । कहिले भद्र, त कहिले उग्ररूपमा, तर जब सुधारको आवाजलाई सुनिँदैन र बेवास्ता गरिन्छ, तब आक्रोशले घृणाको रूप लिन्छ । यसले करिब करिब मोहभंगको अवस्था निम्त्याउँछ र विध्वंस त्यसको अभिन्न पक्ष बन्छ । 'जेन-जी' प्रदर्शन यही घृणाको विस्तारित रूप हो भन्नेहरू धेरै छन् ।

स्वयं जेन-जीका प्रतिनिधिले नै परिवर्तनको तीव्र चाहना, शक्ति र सत्ता पुस्तान्तरणको अपिल, स्वदेशमै रोजगारी र असमानता अन्त्य गरिनुपर्छ भन्ने आवाजलाई बेवास्ता गरेपछि यो तहको 'घृणा' उत्पन्न भएको भनिरहेका छन् । फेरि पनि यो आवाज सुन्ने समय छ । यसको समाधान एकै छ- जवाफदेहिता, सुशासन र समान अवसरसहितको समुन्नत नेपाल । सूचना प्रविधिसँगै भइरहेको अभूतपूर्व विकासको गतिसँग गति मिलाउने अवस्था । जेन-जीभित्रका अधिकांश समूहले चेतावनी दिँदै भनिरहेका छन्, सामाजिक, राजनीतिक र संरचनागत असफलताले संस्थागत गरेका पुराना समस्याको अन्त्य गर ।

## इतिहासको मूल्य

नेपालसँग परिवर्तनका खातिर भएका सशस्त्र र निःशस्त्र दुवैखाले विद्रोहको अनुभव छ । विभिन्न समयमा भएका सशस्त्र आन्दोलनको नेतृत्व गर्ने शक्ति (दल) अझै क्रियाशील छन् । त्यहीभित्र 'जेन-जी' ले जस्तै सुधारको वकालत गरिरहेको र परिवर्तनका मुद्दा निरन्तर उठाइरहेको ठूलो 'अग्रगामी' हिस्सा छ । विडम्बना त्योभन्दा ठूलो राजनीतिक रूपमा 'सम्भ्रान्त' हिस्सा छ, जो सत्ताको चरम मदहोस्मा 'भाव शून्य' झैं प्रस्तुत हुन्छ । त्यसले परिणाम दिने सामर्थ्य राख्दैन ।

निःशस्त्र विद्रोहको कुरा गर्दा लैंगिक समानताका लागि नारीवादी आन्दोलन, पहिचान र आत्मसम्मानका लागि आदिवासी जनजाति, मधेसी, थरुहटलगायत आन्दोलन, मानवोचित व्यवहार, सामाजिक न्याय र समानताका खातिर दलित, पिछडा वर्ग र सीमान्तकृतहरूका आन्दोलन भएका छन् । यी हरेक संघर्षले अगाडि धकेलेका छन्, समकालीन सामन्तवादी समाजलाई अग्रगामी र प्रगतिशील बाटोमा डोऱ्याएका छन् । तिनै आन्दोलनले रैतीलाई नागरिक र नागरिकलाई सार्वभौम बनाएका हुन् ।

यो इतिहासको प्रसंग घटनाहरूको विवरणमात्रै होइन, नेपाली समाजको स्मृति, संघर्ष र भविष्य निर्माणको गोरेटो पनि हो । यी इतिहाससँग स्वतन्त्रता, समानता र न्यायका मूल्य गाँसिएका छन् । कहिलेकाहीँ इतिहासका 'गौरवगाथा' स्मृतिमा राख्ने तर मूल्यहरू पन्छाउने प्रयत्न हुन्छन्, त्यसो गर्दा इतिहास केवल पुस्तकमामात्रै कैद हुन्छ, त्यसले समाज बदल्ने शक्ति बोक्दैन । यसलाई ख्याल गरिएन भने हाल सडकमा पोखिएको आक्रोशलाई पनि समाज बदल्ने शक्तिमा रूपान्तरण गर्न नसकिने खतरा रहन्छ । यसर्थ अब सावधानीपूर्वक इतिहास निर्माणको खाँचो छ । यसरी लेखिने इतिहास केवल घटना र पात्रमा सीमित हुनु हुँदैन, त्यससँग जोडिएका आदर्श र मूल्य पनि हेरिनुपर्छ । सोच्नुपर्छ-मूल्यविहीन इतिहास आत्माविहीन शरीरजस्तै हो, जसको अस्तित्व त हुन्छ तर जीवन हुँदैन ।

यसो भनिरहँदा यो पनि भुल्नु हुँदैन- हालको 'जेन-जी' विद्रोहभित्र काठमाडौंमात्रै होइन, देशभरका भावना मिसिएका छन् । देशको राजनीतिक भूगोलमात्रै होइन, त्योभन्दा बाहिर रहेका आमनेपाली सपना जोडिएका छन् । त्यसलाई चिन्न र सुन्न सक्नुपर्छ । अब लेखिने इतिहासले १४२ भन्दा बढी जातजाति, १२४ भन्दा बढी भाषाभाषी र १० भन्दा बढी धर्मका संवेदनालाई बोक्न सक्नुपर्छ । प्रदर्शनका क्रममा बलिदानी दिने र घाइते हुनेका पीडा त छँदै छन्, जनप्रतिनिधिको सर्वोच्च संस्था संसद्, न्यायको मन्दिर सर्वोच्च अदालत र सेवा प्रवाहको थलो सिंहदरबार जलाएपछिको 'आत्मग्लानी' लाई पनि बुझ्नुपर्छ । तिनले पुकारा गरिरहेका छन्- हामीलाई जीवन्त संविधान, अझ सबल र समावेशी राज्य प्रणाली, उन्नत लोकतन्त्र र सद्भावसहितको नेपाल चाहिएको छ ।

यसविपरीत कतिपयले संविधान फाल्ने, संघीयता मेटाउने, समावेशी प्रणाली खारेज गर्नेजस्ता अभिव्यक्ति दिइरहेका छन् । यस्ता अभिव्यक्ति र सोचले विगतका हजारौं सहिद र हालका ७६ जनाको बलिदानी तथा सयौंको रगतको उपहास गर्छ । यो संविधान कागजको दस्तावेजमात्रै होइन, यो हजारौंको बलिदानको उपज हो । यसमा जहाँनिया राणा शासनविरोधी जनक्रान्तिदेखि परिवर्तनका लागि हालसम्म भएका संघर्षका मूल्य र भावना अन्तरनिहीत छन् ।

## संविधान र बलिदान

हाम्रो अगाडिका उपलब्धि हजारौं सहिद र लाखौं नागरिकका संघर्षका परिणाम हुन् । हाम्रो आकडाले नै यसमा १४ हजार ६०८ जना सहिद (२०८० पुस २४ मा घोषणा) को प्राण छ । लाखौंको रगत लत्पत्तिएको छ । माओवादी सशस्त्र द्वन्द्वमामात्र १७ हजार जनाले बलिदानी गरेको तथ्य राज्यको स्मृतिमै छ । त्यसबाहेक सामाजिक, सांस्कृतिक, लैंगिक र जातीय उत्पीडनविरुद्ध भएका संघर्षका थुप्रै कथा इतिहासका पानामा सुरक्षित छन् । यी उदाहरणले आजको नेपाल थुप्रै वीर विरंगनाको त्याग र बलिदानीमाथि उभिएको प्रस्ट देखाउँछ । ती सबै भावना संविधानसभामार्फत निर्मित नेपालको संविधानमा समेट्ने प्रयास भएका छन् । यसको आत्मा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र र नागरिक सर्वोच्चता हो । भलै यसविरुद्ध र यसलाई अझ समृद्ध बनाउने चाहनासहित विभिन्न समूहले असन्तुष्टि पोखिरहेका छन् । उदारवादी लोकतन्त्रको चरित्र, समाजवादको यात्रा, बहुलवादको सिद्धान्त र सम्पत्तिमाथि व्यक्तिको अधिकार तथा सामाजिक न्याय स्थापनाको संकल्प गरिएकाले ती विरोध यसैभित्र बाँधिएका छन् ।

हो, ती संकल्प कार्यान्वयन गर्न राज्यको क्षमता र नेतृत्वको अक्षमताले केही व्यवधान उत्पन्न भएका छन् । यी व्यवधान हटाउँछु भन्ने चाहना भएका हरेक सार्वभौम नागरिकलाई 'नेतृत्व' गर्ने अवसर यसै संविधानले सुरक्षित गरेको छ । यसका लागि राज्यको २९ अर्ब रूपैयाँभन्दा बढी खर्च भएको छ । अनौपचारिक क्षेत्र र गैरसरकारी संघसंस्थाले गरेको हिसाब जोड्ने हो भने यो आकडा करिब ५० अर्ब रूपैयाँ पुग्ने अर्थविज्ञले नै भन्छन् । आकडाको कुरामात्रै होइन, त्यो रकम र समयभित्र अन्तर्निहित मूल्य चानचुने छैन ।

त्यसैले 'फलाम तातिएको छ यहीबेला हिर्काउने' भन्ने सोच भएकाहरूको अतिरञ्जनाबाट माथि उठौं । संविधान र व्यवस्थामा कमजोरी छन्, तर सुधार गर्न सकिने प्रशस्त गुञ्जायस पनि छन् । सुधारको बाटो फराकिलो बनाउनु अहिलेको आवश्यकता हो । अहिलेका समस्या संविधान र व्यवस्थाभन्दा बढी समयको गति पक्रिन नसक्ने, युगको आवाज सुन्न नचाहने नेतृत्व प्रवृत्तिले निम्त्याएका हुन् । यसैविरुद्ध निर्मम चेतावनी दिन 'जेन-जी' का नाममा सबै सडकमा आएका हुन् । त्यसैले स्मृतिमै राखौं, सार्वभौम नागरिक अधिकार खोसिने अवस्था आउँदा र हजारौंको बलिदानीपछिका उपलब्धिमाथि धावा बोल्दा नेपाली आत्माहरू बौरिन्छन् । शालीन लाग्ने 'मान्छे' हरूले मौनता भंग गर्छन् । हिजो गरे, आज पनि गर्छन् ।

## सम्हालिँदै अगाडि बढौं

आजको नेपाल बनाउन कयौं शताब्दी बितेका छन्, भलै धेरैलाई योभन्दा कैयन राम्रो नेपाल बनाउन सकिन्थ्यो भन्ने लाग्छ । त्यो बहसकै विषय हो, तर आज हाम्रा अगाडि जे-जस्तो नेपाल छ, त्यो समयको प्रतिफलमात्रै होइन, पुर्खाहरूको पौरखको उपलब्धि हो । अब यसलाई भत्काउने होइन, सिँगार्नेहरूको खाँचो छ । सबैको अपनत्व र सबैका लागि अवसर भएको नेपाल आजको आवश्यकता हो । त्यस्तो अवस्था बनाउन सकिएमामात्रै बलिदानको मूल्य सुरक्षित रहन्छ । लोकतन्त्रको भविष्य उज्यालो हुन्छ । काठमाडौंका सडक र मञ्चमा पोखिने आवाजमात्रै होइन, 'समग्र नेपाल' को आवाज सुरक्षित भएमात्रै त्यस्तो नेपाल बन्नसक्छ ।

सुन्दर नेपालको सपना देख्दा केही दशकयतामात्रै आत्मसम्मान महसुस गर्न थालेको मधेस (करिब २१ प्रतिशत) को मनोभावना बिर्सन मिल्दैन । समान अवसरको वकालत गर्दा संविधानले सुनिश्चित गरेको सकारात्मक विभेद्पछि राज्य मेरो पनि हो भनेर अपनत्व महसुस गर्न थालेको दलित (१३.४ प्रतिशत) को मलिन आवाजलाई पनि बुझ्नुपर्छ । गणतन्त्र र संविधानपछि राज्यको सर्वोच्च पदमा आफ्नो अनुहार देखेका महिला (५१.१३ प्रतिशत) को भावनालाई ठेस पुऱ्याउन मिल्दैन । यही संविधानपछि आफ्नो भाषा, संस्कृति र पहिचानमा गौरव गरिरहेको आदिवासी जानजाति (३४.८७ प्रतिशत) लगायतको भावनालाई नजरअन्दाज गरिनु हुँदैन । विकट भूगोलकै कारण अवसरबाट पर परेका जनता पिछडिएको भूगोलका आवाज र सबै प्रकारका सामन्तवादी सोचको बर्खिलापमा रहेका बहुसंख्यक खस आर्यको मौनतालाई कमजोर आँक्नु हुँदैन ।

यी सबैसँगै भएको सद्भावसहितको नेपालले मात्रै सुन्दर भविष्यको गोरेटो कोर्न सक्छ । यी सबैलाई एकताको सूत्रमा बाँधेर हिँड्ने सोचसहित लेखिएको इतिहासमात्रै दिगो हुन्छ । अन्यथा भएका उपलब्धि मेटेर योभन्दा धेरै राम्रो गर्न सकिन्छ भन्ने भ्रम पालेमा 'भूइँको टिप्दा पोल्टाको गुम्ने' अवस्था आउन सक्छ । नेपालको विविधता कमजोरी होइन, यो शक्ति हो । यही विविधताले नेपाललाई विशेष बनाएको छ । संविधान, संघीयता र समावेशी व्यवस्थाले त्यही विविधतालाई संस्थागत गर्ने अठोट बोकेको छ । त्यसलाई गोडमेल गर्दै समुन्नत नेपाल निर्माण गर्ने प्रशस्त ठाउँ छ । सबैलाई जोड्ने सोचसहितको आक्रोशले मात्रै वैधता पाउँछ । त्यस्तो सोचले इतिहास निर्माणको शक्ति आर्जन गर्छ । यसर्थ, सहमति र समन्वयको बाटोबाट युवा पुस्ताले देखेको नेपाल बनाउन हातेमालो गरौं । *रासस*

## पाठक मञ्च

# सरकारी गाडीसँगै खरानी भयो जनताको पसिना !

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा हजारौं सरकारी, निजी तथा सार्वजनिक सवारीसाधनमा आगो झोसेर खरानी बनाइएको छ । दुई पांग्रेदेखि छ पांग्रेसम्मका सवारीसाधन जलेर नष्ट भएको छ । ती गाडीको मूल्य तीन लाखदेखि करोडौं थिए । अथवा दुई पांग्रेको तीनदेखि पाँच लाख रूपैयाँसम्म मूल्य थियो भने चार वा छ पांग्रे सवारीसाधन २० लाखदेखि २५ करोड रूपैयाँसम्मको थियो ।

ती सबै गाडी जेन-जीले आगो लगाएर खरानी बनाएका छन् । सरकारले व्यवस्थापनका नाममा जलाइएका सरकारी गाडी काठमाडौंको नयाँबानेश्वरस्थित संसद् भवनमा चाङ बनाएर राखेको छ । कतिपय जलेका गाडीचाहिँ सम्बन्धित कार्यालयमै एउटा थुनामा थुपारिएर राखिएको छ । अब ती सबै गाडी कबाडीले लैजाने हो ।

चिन्ताको कुराचाहिँ लाखौंदेखि करोडौंमा किनिएका ती गाडी दुई रूपैयाँ किलोमासमेत बिक्री हुन्छ कि हुँदैन ? भन्ने हो । गाडी जल्नुअघि जतिसुकै महँगो, चिल्लो र आकर्षक भए पनि आगो परेपछि फोहोर, खरानीमा परिणत भएको छ । त्यो अब न बनाउन सकिन्छ न त्यसबाट अरु केही नै गर्न सकिन्छ । सवारीसाधन विलासिताका वस्तु हुन् । तर, व्यक्तिदेखि सरकारसम्मले यो बुझेनन् । त्यसको परिणाम हो, यो । दुई रूपैयाँदेखि बढीमा २० रूपैयाँ किलो पर्ने प्लास्टिक, फलाम, कपडा, फम, रबर, सिसाले बनाइएको गाडीमा हामी नेपाली जनता र सरकार दुवैले लाखदेखि करोडौं लगानी गऱ्यौं । चिल्लो गाडी देख्नेबित्तिकै किनिहाल्नुपर्ने ।

सबैलाई चिल्लो गाडी चढ्नुपर्ने । तर, त्यो चिल्लो गाडी के कसरी बनेको हो ? भनेर न जनताले खोजतलास गरे न सरकारले । जलाइएका सरकारी सवारीसाधन जनताले तिरेको करबाट किनिएको थियो । खाइनखाई आफूहरूले तिरेको करबाट खरिद गरिएको गाडी खरानी बन्दा अब किन कर तिर्ने ? भन्नेसमेत नागरिकको मन मस्तिष्कमा परेको छ ।

सरकारी गाडी सबैको साझा हो । कर्मचारीलाई कार्यालय आउजाउका निम्ति सरकारी गाडी दिएता पनि कर्मचारी अवकाशमा गएपछि अर्को कर्मचारी वा जनताको सेवाका लागि त्यो गाडी प्रयोग गरिन्छ । तर, जेन-जीहरूले यो कुरा बुझेनन् कि बुझेर पनि कर्मचारीमाथिको आक्रोशका कारण गाडीमा आगो झोसें ? उनीहरूलाई नै थाहा होला ।

मुख्य कुराचाहिँ के हो भन्दा यत्रा सरकारी गाडीसँगै जनताको रगत पसिनाको कमाइ पनि जलेको छ । गाडी जलेपछि कर्मचारीहरूलाई के दुःख भयो र ! उनीहरूलाई त सरकारले अर्को गाडी उपलब्ध गराउँछ । केही समयपछि गाडी अपुग भयो भन्दै नयाँ गाडी पनि किन्न सक्छ । अनि नयाँ गाडी किन्दा होस् या पुराना गाडी जल्दा खर्च हुने त जनताकै कर हो नि । बरु निजी वा सार्वजनिक सवारीसाधन जल्दा सम्बन्धित व्यक्ति तथा गाडीधनीलाई झन ठूलो क्षति पुगेको छ ।

बल्लतल्ल ऋणधन गरेर जोडेको गाडी खरानीमा परिणत हुँदा उनीहरू नराम्ररी डुबेका छन् नै सँगै कमाइखाने भाँडो गुमेको छ । अर्कोतर्फ, गाडी किन्दा लिएको ऋण कसरी तिर्ने ? भन्ने चिन्ताले उनीहरूलाई सताइरहेको छ । सवारीसाधनमा बैंकको ९५ प्रतिशत लगानी छ ।

बूढोपाकाले भन्थे, 'एउटा नबिग्री, अर्को सप्रिँदैन ।' नेपालमा आन्दोलन भयो, फाइदाचाहिँ छिमेकलाई भएको छ । जेन-जी आन्दोलनकै क्रममा सार्वजनिक तथा निजी निवास, भवन, कार्यालय पनि जलेर खरानी बनेको छ । अब ती संरचना पुनर्निर्माण गरिँदा भारत र चीनको व्यापार फस्टाउँछ । किनकि, हामीकहाँ सिमेन्ट, डण्डी, फलाम, सिसालगायत संरचना निर्माणका निम्ति आवश्यक सामग्री बन्दैन । भारत र चीनबाट ल्याइन्छ । अनि ती सामान ल्याउँदा छिमेकको अर्थतन्त्रमा योगदान पुग्छ ।

अहिले विदेशबाट खाद्यान्न आयात नगरे हामी नेपाली भोकभोकै मर्नुपर्ने अवस्था छ । अनि यस्तो अवस्था कसरी आयो त ? जवाफ सहज छ-नेता र कर्मचारीहरू मोजमस्तीमा रमाउँदा । नेताहरूले छिमेकको रणनीति बुझेनन् भने कर्मचारीहरूले घुसबाहेक केही देखेनन् । कमिसन आउने भएपछि धमाधम नयाँ गाडी किनिहाल्ने ।

देशभित्रका उद्योग, कलकारखाना बन्द गराएर छिमेकबाट खाद्यान्न, लत्ताकपडालगायत सामग्री ल्याउने । दलालीको लहैलहैमा लागेर घरजग्गा, गाडी, सेयर र सुनमा लगानी गर्न प्रोत्साहन गर्दा आज देश कंगाल बन्यो । अनि हामीलाई कंगाल बनाएर छिमेकीचाहिँ मालामाल बने ।

- **रामचन्द्र महर्जन**, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# जनताको विश्वास जित्न मुख्यमन्त्री कँडेलको निर्देशन

**सुर्खेत (प्रस)–** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनले उठाएका सकारात्मक भावना र मागलाई सम्मान गर्दै सुधारका ठोस योजनासहित काम अघि बढाउन प्रदेशका सचिवहरूलाई निर्देशन दिएका छन् ।

प्रदेश सरकारका प्रमुख सचिव र सबै मन्त्रालयका सचिवसँग आव २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी भएका निर्णय र प्रतिबद्धताका प्रगतिसम्बन्धी छलफललाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले यस्तो निर्देशन दिएका हुन् । 'अब सुधारका कुरा कागजमै सीमित हुने होइन, व्यवहारमै देखिनुपर्छ, जनताले



पारदर्शिता, जवाफदेहिता र सहज सेवाको अपेक्षा गरेका छन्, त्यसको प्रत्यक्ष अनुभव दिलाउनु नै हाम्रो जिम्मेवारी हो,' उनले भने ।

मुख्यमन्त्री कँडेलले कार्यालयका ढोका जनताका लागि सधैँ खुला राख्न, हरेक काममा पारदर्शिता र विश्वास कायम गर्न तथा विगतका कमजोरीबाट सकारात्मक पाठ लिएर नयाँ सोच र कार्यशैली अपनाउन आग्रह गरे । उनका अनुसार हिजोका गल्तीबाट सिकेर आज सुधारका उपाय लागू गर्नु नै वास्तविक प्रगति हो ।

उनले प्रदेश सरकारको प्राथमिकता खर्च कटौती, कार्यक्षमता वृद्धि र परिणाममुखी सेवा प्रवाह हुने स्पष्ट पारे । मुख्यमन्त्री कँडेलले भने, 'संघ सरकारसँग प्रतिस्पर्धा गर्न सक्ने किसिमको कार्यक्षमता देखाउन अब तपाईंहरूले पहल गर्नुपर्छ, तालिम, भ्रमण, गोष्ठी वा आवश्यक नभएका योजनामा हुने खर्च घटाएर वास्तविक विकासमा लगानी गर्नुपर्ने बेला आएको छ ।'

त्यस क्रममा उनले प्रत्येक मन्त्रालय र कार्यालयमा देखिने अनावश्यक खर्च, ढिलासुस्ती र प्रक्रियागत जटिलता अन्त्य गर्न, सेवा प्रवाहमा सरलता ल्याउन, ढिलाइ संस्कृतिलाई अन्त्य गर्दै जनतामुखी प्रशासनिक सुधार लागू गर्न सबै सचिवहरूलाई निर्देशन दिए ।



**बेनी-दरवाङ सडक मर्मत गरिँदै** | म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मंगला, मालिका र धौलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी-दरवाङ सडकअन्तर्गत शनिबार फापर खेतको पहिरो पन्छाइँदै । पूर्वाधार विकास कार्यालय म्याग्दीले सडक मर्मत सुरु गरेको हो । *तस्बिरः सन्तोष गौतम/रासस*

# नौ वर्षमा पनि बनेन चिस्यानगृह

**पर्वत–** मोदी गाउँपालिका-२ देउपुरमा निर्माणाधीन चिस्यान गृह (कोल्ड स्टोर) विगत नौ वर्षदेखि अधुरो छ ।

आर्थिक वर्ष ०७३/७४ मा पाँच करोड रूपैयाँको लागतमा निर्माण सुरु भएको चिस्यानगृहले पूर्णताः पाउन नसकेको हो । बेमौसमी फलफूल र सागसब्जी ताजा राख्न चिस्यानगृह निर्माण थालिएको थियो । सरकारबाट पर्याप्त बजेट निकासा नहुँदा अलपत्र बनेको हो ।

स्थानीय खेमबहादुर हमाल र बुद्धिकुमारी हमालको जग्गामा निर्माण थालिएको चिस्यानगृह एक तला बनेपछि अलपत्र अधुरो छ । हमाल दम्पतीका नाममा रहेको जग्गा रकम निकासा आएपछि भुक्तानी गर्ने सहमतिमा चिस्यानगृह निर्माण गर्ने सम्झौता भएर एकतल्ला निर्माण गरिए पनि अहिले अपूर्ण संरचना जीर्ण छ ।

आफ्नै घर आँगनमा चिस्यानकेन्द्र बनेका देख्दा उत्साहित किसान त्यसले पूर्णता नपाउँदा खिन्न छन् । स्थानीय प्रेमबहादुर हमाल, मानबहादुर पौडेल र मनोजकुमार शर्माको रोहवरमा हमाल दम्पतीको सात आना एक दाम जग्गा १३ लाख ५० हजार रूपैयाँमा खरिद गर्ने गरी तमसुक गरिएको थियो ।

चिस्यानगृह निर्माण समितिका अध्यक्ष गंगा तिमिल्सिनाका अनुसार सुरुको वर्ष



५० लाख रूपैयाँ विनियोजन गर्ने सम्झौता भएको थियो, तर २४ लाख रूपैयाँभन्दा आएन । 'क्रमिकरूपमा बजेट आउँछ भन्ने थियो । २४ लाख रूपैयाँ विनियोजन भएपछि काम सुरु गरिहाल्यौं,' उनले भने, 'इस्टिमेटअनुसार बजेट नआएपछि काम अघि बढ्न नसकेको हो ।'

योजनाअनुसार ५० टन क्षमताको दुई तले चिस्यान केन्द्र निर्माणको काम एक वर्षमा सक्ने लक्ष्य रहेको थियो । मोदी गाउँपालिका-२ देउपुरका तत्कालीन वडाध्यक्ष विकास तिमिल्सिनाले चिस्यानकेन्द्र निर्माणका लागि गाउँपालिका, प्रदेश र केन्द्रसम्म अनुरोध गरेको भए पनि सुनुवाइ नभएको बताए । जग्गा व्यवस्थापनका लागि वडाबाट १५ लाख रूपैयाँ विनियोजन पनि गरेको भए पनि जग्गा खरिदमा सहमति हुन नसक्दा काम अगाडि बढ्न नसकेको उनले बताए ।

मोदीको देउपुर सुन्तलाको पकेट क्षेत्र हो । यहाँ बर्सेनि चार करोड रूपैयाँभन्दा बढीको सुन्तला उत्पादन हुन्छ । क्याङ र लेस्पार आलु उत्पादनका लागि उर्बरभूमि हो । यहाँको आलु र सागसब्जीको बीउ स्थानीय बजारलगायत सदरमुकाम कुस्मा र पोखरासम्म बिक्री हुने गरेको छ । *रासस*

# 'राहत र पुननिर्माणको काम सरकारको प्राथमिकतामा'

**इलाम (प्रस)–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सरकारको प्राथमिकतामा राहत र पुनर्निर्माण रहेको बताएका छन् ।

शनिबार बाढीपहिरो प्रभावित इलामको स्थलगत निरीक्षणपछि उनले भने, 'सरकार प्रभावित नागरिकसँगै छ, तत्कालीन राहत र दीर्घकालीन पुनर्निर्माणका काम अघि बढाइने छ ।'



रोङ गाउँपालिका, सूर्योदय नगरपालिकाहुँदै इलाम नगरपालिका-१० राजदुवाली आइपुगेका मन्त्री घिसिङले इलाम, सन्दकपुर, माईजोगमाई र वरपरका बस्तीमा पुगेर स्थानीयवासीसँग क्षति र राहत व्यवस्थाबारे जानकारी लिएका छन् । उनले राजदुवाली सडक, मिल घुम्तीलगायतका क्षतिग्रस्त सडक र संरचनाको अवस्था अवलोकन गरे । गत असोज १८ गते रातिको भीषण वर्षापछि ठूलो जनधनको क्षति भएकाले सरकारले इलामलाई तीन महिनाका लागि संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । बाढीपहिरोका कारण इलाममा ३९ जनाको मृत्यु भएको थियो ।

# बाँकेमा ४१५ नयाँ मतदाता थपिए

**नेपालगञ्ज (प्रस)–** बाँकेमा ४१५ जना नयाँ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालय बाँकेले विशेष मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य सुरु गरेपछि ती मतदाता थपिएका हुन् ।

विशेष मतदाता नामावली संकलन सुरु भएपछि असोज महिनाको एक साताको अवधिमामात्रै ४१५ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीले जानकारी दिए ।

उनले अहिले मतदाता नामावलीमा नाम दर्ता गराउनेमा अधिकांश युवा पुस्ता भएको जानकारी दिँदै ३५ वर्ष कम उमेर समूहका बढी भएको बताए । 'मतदाता नामावली संकलन दैनिकजसो बढ्दै गएको देखिएको छ,' उनले भने ।

जिल्ला निर्वाचन कार्यालय नेपालगञ्जले असोज ६ गतेदेखि मतदाता नामावली संकलन तथा अद्यावधिक गर्नका लागि स्थानीय तहलगायतका सम्बन्धित स्थानमा सूचना जारी गरी पत्राचार गरेको थियो । जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली दर्ताका लागि आवश्यक कागजात नेपाली नागरिकताको प्रमाणपत्र, विवाह भई आएमा विवाहको प्रमाणपत्र, बाहिरी जिल्लाकालाई समेत कागजातका आधारमा दर्ता गर्न सकिने भनेर स्थानीय तहलाई आग्रह गरेको थियो ।

मतदाता नामावली अद्यावधिकका लागि अनलाइनमार्फत निवेदन आइरहेको उल्लेख गर्दै निर्वाचन अधिकारी शाहीले बाँकेमा तीन लाख ३३ हजार ९३४ मतदाता रहेको बताए । ती मतदातामध्ये एक लाख ६९ हजार ८७६ पुरुष, एक लाख ६४ हजार ४९ महिला र नौ जना अन्य मतदाता छन् ।

विगतमा हुने मतदाता नामावली संकलनभन्दा केही फरक ढंगले मतदाता नामावली संकलन भएको उल्लेख गर्दै शाहीले यसपटकको मतदाता नामावली विशेष मतदाता नामावली संकलन रहेको बताए । नयाँ नाम दर्तासँगै अद्यावधिक गर्ने, त्रुटि सच्याउने, स्थान स्थानान्तरणलगायतका काम अनलाइनमार्फत पनि भइरहेको जानकारी दिँदै उनले असोज महिनाको एक साताका अवधिमा ४० जनाको अद्यावधिक गर्ने तथा त्रुटि सच्याउने काम भएको र १७ जनाको ठाउँ सारिएको उल्लेख गरे ।

'मतदाता नामावलीमा नाम सच्चाउन अनलाइनमार्फत माग आउँछ र हामीलाई त्यसलाई अद्यावधिक गर्दै गइरहेका छौं,' उनले भने । मतदाता नामावलीमा नाम दर्ता गराउनेमा नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाको अधिकांश छन् ।

# अविरल वर्षापछि महोत्तरीको जनजीवन सामान्य बन्दै

**महोत्तरी–** एक साताअघिको अविरल वर्षासँगैको बाढीले डुबानमा पर्दा असहज बनेको यहाँको जनजीवन अब क्रमशः सामान्य हुँदै छ । यही असोज १७, १८ र १९ गते परेको पानीले जताततै डुबानमा परेर अस्तव्यस्त पारेको जनजीवन गत सोमबारदेखि थामिएपछि अब क्रमशः सामान्य बन्दै गएको हो ।

डुबानले अत्यधिक प्रभाव पारेको जिल्ला सदरमुकाम जलेश्वरका बस्तीमा अब पानी सुक्दै छ । जिल्लाका सबै (१५ वटै) स्थानीय तहमा कतै कटान र कतै डुबानले जनजीवन अस्तव्यस्त बनाए पनि सबैभन्दा बढी जलेश्वर नगर क्षेत्र प्रभावित बनेको थियो । जिल्लाको शिरानदेखि पुछारसम्म बग्ने रातु नदीको तटबन्ध ठाउँठाउँ भत्किँदा बाढीको पानी जलेश्वर नगरक्षेत्रका बस्तीमा पसेर डुबानमा परेको थियो ।

अहिले पछिल्ला छ दिनयता लगातार घाम लाग्दै आएपछि डुबानमा रहेका ठाउँको पानी बगाउन सकिएको र सुक्दै पनि गएको जलेश्वरका नगरप्रमुख सुरेश साह सोनार बताउँछन् । यहाँका मुख्य पाँच नदी रातु, मरहा, ओक्सी, बाँके र कुटमेश्वरीको बाढी बस्तीमा पस्दा भारतीय सीमावर्ती बस्ती डुबानले बढी प्रभावित भएका थिए । अन्य ठाउँको डुबानको पानी सुकिसके पनि जलेश्वर नगर क्षेत्रका केही ठाउँमा भने अझै हिलो पानी सुकिसकेको छैन ।

रातु नदीको तटबन्ध बाढीले चार ठाउँ भत्काएको थियो । जलेश्वर मुख्य नगर क्षेत्रका कैयन कार्यालय परिसर डुबानमा परेका थिए । प्रादेशिक अस्पताल जलेश्वर, विद्युत् प्राधिकरण कार्यालय, जलेश्वर नगर कार्यपालिकाको कार्यालय र कारागार लामो समयसम्म डुबानमा रहे । 'अहिले अन्य ठाउँको हिलो पानी सुके पनि कारागारमा भने अझै सुकिसकेको छैन,' नगरप्रमुख सोनार भन्छन्, 'बजार क्षेत्र र बस्तीभित्रका सडकको पानी भने अब सुकेको छ ।'

डुबानको पानी सुक्दै गएपछि हिँड्डुल सहज भएसँगै जनजीवन क्रमशः सामान्य बन्दै गएको सोनारको भनाइ छ । जलेश्वरमा बाढीको बहावमा परेर गत बुधबार एक किशोरको मृत्यु पनि भयो । डुबानले जिल्लाको धानबालीलगायत अन्य फसलमा निकै क्षति गरेको छ । माछा पालेका पोखरीमा बाढी पस्दा १० करोड रूपैयाँभन्दा बढीको माछा बगेर नोक्सान भएको कृषि ज्ञान केन्द्रले जानकारी दिएको छ ।

यसैगरी, रातु नदीको तटबन्ध भत्किँदा नै १५ करोड रूपैयाँभन्दा बढीको क्षति आकलन गरिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताए । असोज तेस्रो साताको वर्षा र बाढीले जिल्ला सदरमुकाम जलेश्वर नगरसँग बाहिरी सडक सञ्जालको डुबान तथा ठाउँठाउँको कटानले सम्पर्क टुटेको थियो । अब भने जलेश्वर-मटिहानी, जलेश्वर-बर्दिबास, जलेश्वर-भिट्ठामोर र जलेश्वर-सम्सीसहितका सडकमा यातायात सञ्चालन भएको छ ।

पछिल्ला पाँच/छ दिन डुबानले बन्द रहेको जलेश्वर मुख्य बजारका पसल अब सञ्चालनमा आएका छन् । दसैंभित्रै बाढी र डुबानले हण्डर खेपेका यहाँका सर्वसाधारण आउँदै गरेको दीपावली र छठ पर्वको तयारीमा जुट्न थालेसँगै बजारमा चहलपहल पनि बढ्दै गएको छ । *रासस*

# मोतियाबिन्दु बिरामीको निःशुल्क शल्यक्रिया

**सिरहा (प्रस)–** सगरमाथा चौधरी आँखा अस्पतालमा ५० जना मोतियाबिन्दु बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ । लहान नगरपालिकाको आर्थिक र सगरमाथा चौधरी आँखा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित शिविरबाट पहिचान गरिएकाहरूको निःशुल्क शल्यक्रिया गरिएको हो ।

यही असोज २२ गते राजदेवी मन्दिर प्रांगणमा निःशुल्क आँखा जाँच शिविर आयोजना गरिएको थियो । उक्त शिविरमा ३०१ जनाको आँखा जाँच गर्दा ९६ जनामा मोतियाबिन्दु फेला परेको थियो । मोतियाबिन्दु भेटिएकामध्ये पहिलो चरणमा ५० जनाको निःशुल्क शल्यक्रिया गरिएको वडाध्यक्ष तेजनारायण चौधरीले जानकारी दिए ।

शल्यक्रियापछि डिस्चार्ज भएका बिरामीहरूलाई नगरप्रमुख महेशप्रसाद चौधरीले शनिबार अस्पताल पुगी उनीहरूलाई फलफूल वितरण गरेका थिए । साथै उनले बिरामीहरूलाई नगर बसमार्फत आ-आफ्ना घरसम्म पुऱ्याउने व्यवस्था मिलाइएको बताए ।


## के.आई. सिंह गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### वायल, डोटी
### सुदूरपश्चिम प्रदेश, नेपाल

**आन्तरिक आय नदिजन्य पदार्थको बोलपत्र आव्हानको सूचना !**

*(दोस्रो पटक प्रकाशित मिति : २०८२/०६/२६ गते)*

के.आई.सिंह गाउँपालिकाको देहाय बमोजिम नदिजन्य पदार्थको ठेक्काको लागि बोलपत्र माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहायको ठेक्काको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २ बमोजिम सबै योग्य बोलपत्रदाताहरूका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल (www.bolpatra.gov.np.egp) मार्फत बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 01/NCB/IR/ KISRUM/ 2082/083 | Extration of sand, gravel, stone, boulder Jangar Station | 2633976.57 | कबोल अंक (मु.अ.कर सहित) को ५% हुन आउने रकम | 3000 |
| 02/NCB/IR/ KISRUM/ 2082/083 | Extration of sand, gravel, stone, boulder Naridang Station | 1881411.84 | कबोल अंक (मु.अ.कर सहित) को ५% हुन आउने रकम | 3000 |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

रूपशाला


### म्यानचेस्टरमा गुञ्जिँदै कालीप्रसाद

गायक तथा संगीतकार कालीप्रसाद बाँस्कोटा आइतबार अर्थात् १२ अक्टोबरमा बेलायतको म्यानचेस्टरमा गुञ्जिँदैछन् । त्यसका लागि शुक्रबार उनी बेलायत पुगिसकेका छन् । दसैँ-तिहारको अवसर पारेर ८८४८ भाइब्सले सांगीतिक कार्यक्रम आयोजना गर्न लागेको हो । म्यानचेस्टरमा यो कालीप्रसादको पहिलो कार्यक्रम हुनेछ । नेपालकै झल्को दिनेगरी दसैँ र तिहार सांगीतिक कार्यक्रम गरिने आयोजक ८८४८ भाइब्सका प्रबन्ध निर्देशक मनोज बजगाईंले जानकारी दिए ।





# राजेशको जीवनगाथा 'युगदेखि युगसम्म'



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्रका महानायक राजेश हमालको जीवन, सिनेमा यात्रा र समाजप्रतिको योगदान समेटिएको पुस्तक 'महानायक राजेश हमाल : युगदेखि युगसम्म' सार्वजनिक भएको छ । असोज २५ गते (शनिबार) काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठान भवनमा आयोजित एक कार्यक्रममा यो पुस्तक लोकार्पण गरिएको हो ।

यो पुस्तक लेखक यज्ञशसँगको संवादमा आधारित रहेको छ । लोकार्पण कार्यक्रममा स्वयं महानायक राजेश हमाल, लेखक यज्ञश, चर्चित लेखक बुद्धिसागर र मधु भट्टराईले संयुक्त रूपमा पुस्तक सार्वजनिक गरे ।

'युगदेखि युगसम्म' मा राजेश हमालको पर्दादेखि पानासम्मको लामो यात्रा, चलचित्र क्षेत्रमा बिताएको समय, सङ्घर्ष, सफलताका कथाहरू र व्यक्तिगत जीवनका सम्झनाहरू समेटिएका छन् । पुस्तकले हमालको जीवनका स्मृति र संस्कारहरू लाई आत्मीय ढंगले प्रस्तुत गरेको छ ।

कार्यक्रममा उपस्थित चलचित्रप्रेमी र पाठकहरूको उत्साह उल्लेखनीय थियो । भक्तपुरबाट आएका रवीन्द्र बस्नेतले बिहानै पुस्तक लिन आएको र सुरुका २५ जनाले मात्र हस्ताक्षरसहितको निःशुल्क पुस्तक पाउने अवसरमा भाग्यमानी बनेर पाउन सफल भएको बताए । उनले भने, 'चलचित्र क्षेत्रमा देखिँदै आएको चमकमाथि उहाँको वास्तविक जीवन र उहाँवरिपरिको संसार बुझ्न अब हामी अझ नजिकबाट जान पाउनेछौं । म सबैलाई यो पुस्तक पढ्न अनुरोध गर्छु ।' त्यसैगरी, अर्का उत्साही पाठक बुद्धि ब्लोन तामाङ ले पहिले फेसबुकमा पुस्तकबारे थाहा पाउनेबित्तिकै पढ्ने हतार भएको बताए । उनले भने, 'हामीले पर्दामा हेर्दा उहाँको जीवन रमाइलो र ग्लामरस देखिन्छ, तर यस पुस्तकमार्फत उहाँको सङ्घर्ष, मिहिनेत र आत्मबलको कथा बुझ्न सकिन्छ ।'

पुस्तकमा हमालको चलचित्रिक योगदान मात्र नभई उनको विचार, समाजप्रतिको दृष्टिकोण र नेपाली सिनेमा विकासमा दिएको भूमिका पनि समेटिएको छ । 'महानायक राजेश हमाल : युगदेखि युगसम्म' सिनेमाप्रेमी, साहित्यप्रेमी र हमालका प्रशंसकहरूका लागि पढ्नैपर्ने कृति बनेको उपस्थित सबैले बताएका थिए ।

# डंगोलको नियात्रा 'कैलाश कोरा' लोकार्पण



■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ पर्यटन व्यवसायी एवं नियात्राकार राजेन्द्रमान डंगोलको नियात्रा कृति 'कैलाश कोरा' विमोचन गरिएको छ । नियात्राकार डंगोलले तिब्बतको कैलाश मानसरोवर यात्राका क्रममा भोगेका अनुभवलाई समेटेर तयार गरेको उक्त कृतिको आज स्रष्टा समाज नेपालका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन'ले विमोचन गरेका हुन् ।

एसोसियसन अफ कैलाश टुर्स अपरेटर्स नेपालले आयोजना गरेको कार्यक्रममा स्रष्टा समाज नेपालका अध्यक्ष श्रेष्ठले व्यक्तिगत जीवनमा धेरै मानिसहरूले विभिन्न स्थानको यात्रा गरेपनि यात्राको अनुभवनलाई समेटेर कृति लेख्ने सर्जक कम भएका उल्लेख गरे ।

'सरल भाषामा लेखिएको 'कैलाश कोरा' कृति कैलाश घुम्न नसकेका व्यक्तिका लागि पनि कैलाश घुमेसरह हुने सामग्री भएको छ', उनले भने । उनले मुलुकमा नियात्राकारको आवश्यकता औंल्याए ।

पुस्तकमाथि समीक्षा गर्दै साहित्यकार प्राडा विन्दु शर्माले उक्त कृतिले नेपाली साहित्यलाई पर्यटनसँग जोडेको बताए । कृतिले कैलाश घुम्ने क्रममा भेटिएका गुम्बा र विभिन्न स्थानको किंबदन्तीलाई समेटेको उल्लेख गरे ।

समीक्षक राम लोहनीले कैलाश घुम्दाका बखत आफूले देखेभोगेका कुरालाई पुस्तकमा समावेश गरिएको बताए । कैलाश मानसरोवर यात्राका क्रममा मिलेको ऊर्जालाई लेखकले पुस्तकमार्फत पाठकसमक्ष लैजाने प्रयास गरेका उनले उल्लेख गरे ।

एसोसियसन अफ कैलाश टुर्स अपरेटर्स नेपालका सल्लाहकार ज्योति अधिकारीले नेपालको बाटो हुँदै वार्षिक ३० हजार आन्तरिक तथा बाह्य पर्यटक कैलाश मानसरोवर जाने गरेका जानकारी दिए । उनले कैलाश मानसरोवर नेपालको पर्यटकीय यामभन्दा पर्यटकीय याम नहुँदा पनि जान सकिने भएकाले यो विषय नेपाली पर्यटन प्रवर्द्धनका लागि अवसरका रूपमा मानिएको बताए ।

ट्रेकिङ एजेन्सीज् एसोसियसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले आमपाठकलाई कैलाशयात्रा गर्न प्रेरणाको स्रोतका रूपमा पुस्तक बन्न सक्ने धारणा राखे । नेपाल पर्यटन बोर्डका सदस्य नरेन्द्रदेव भट्ट, होटल संघ नेपाल (हान)का अध्यक्ष विनायक शाहललगायत वक्ताले उक्त पुस्तकलाई विभिन्न भाषामा अनुवाद गरेर विदेशी बजारमा बिक्री गर्नसके नेपालको पर्यटन क्षेत्रको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । एसोसियसन अफ कैलाश टुर्स अपरेटर्स नेपालका अध्यक्ष विमल नहर्की, महासचिव प्रदीप पण्डितले उक्त कृति कैलाश यात्रामा आधारित व्यक्तिगत अनुभूति मात्र नभई सबैलाई मार्गदर्शन गर्ने सामग्रीका रूपमा रहेको बताए ।

## रंगशाला

### आइसिसी टी-२० विश्वकप एसिया एन्ड इस्ट एसिया प्यासिफिक छनोट

# नेपाल र युएई आज भिड्दै




**नेपालको तालिका**

| | |
|---|---|
| नेपाल-युएई | २६ असोज (४:१५ बजे) |
| नेपाल-कतार | २७ असोज (८:४५ बजे) |
| नेपाल-सामोआ | २९ असोज (८:४५ बजे) |
| नेपाल-ओमान | ३१ असोज (४:१५ बजे) |

■ प्रभाव संवाददाता

**काठमाडौं–** ओमानमा जारी आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको सुपर सिक्सअन्तर्गतको खेलमा नेपालले आज (आइतबार) पहिलो खेल खेल्दै छ ।

समूह २ को विजेताको रूपमा सुपर सिक्समा प्रवेश गरेको नेपालले समूह १ को विजेता युएईसँग पहिलो खेल खेल्ने भएको हो । नेपालले विश्वकप छनोटका लागि चार खेलमध्ये ३ खेलमा जित हात पार्नुपर्नेछ । यदि २ खेलमात्र जितेमा विश्वकप प्रवेशका लागि नेट रनरेटका आधारमा छनोट हुनेछ ।

नेपाल र युएईबीचको खेल आइतबार अपराह्न सवा ४ बजे सुरु हुनेछ । त्यस्तै नेपालले सोमबार कतार, बुधबार सामोआ र बिहीबार ओमानसँग खेल्नेछ । नेपालले ४ मध्ये ३ खेल जितेमा शीर्ष ३ मा पर्दै विश्वकपमा छनोट हुनेछ । २ जित मात्र निकालेमा रनरेटले छिनोफानो हुन सक्छ ।

नेपालले आइतबार युएईलाई पराजित गर्न सकेमा बलियो सुरुवात हुनेछ । युएई र नेपाल दुवै पछिल्लो समय राम्रो लयमा छन् र टेस्ट राष्ट्रलाई हराइसकेका छन् । त्यसकारण दुई टोलीबीचको खेल प्रतिस्पर्धात्मक हुने अपेक्षा गर्न सकिन्छ ।

त्यसअघि शुक्रबार राति समूह चरणको अन्तिम खेलमा ओमानले पीएनजीलाई हराएसँगै सुपर सिक्समा पुग्ने सबै टोलीको टुंगो लागेको थियो ।

समूह चरणबाट आयोजक ओमानसँगै नेपाल र युएई अपराजित रहँदै अघि बढेका छन् भने सामोआ, जापान र कतार एक जितका साथ अगाडि बढेका थिए । समूह १ मा शीर्षस्थानमा रहेको युएई २ अंकका साथ सुपर सिक्समा प्रवेश गर्दा नेपाल समूह २ को विजेताका रूपमा २ अंक लिएर सुपर सिक्समा पुगेको छ । समूह ३ बाट ओमान विजेताका रूपमा ३ अंक लिएर अघि बढेको छ ।

समूह चरणमा खेलिसकेका टोलीहरू अब एकआपसमा खेल्नु पर्ने छैन । समूह चरणमा आफुले पराजित गरेको टोली पनि अगाडि बढे उक्त जितको २ अंक सुपर सिक्समा जोडिने प्रावधान छ । हाल सुपर सिक्सको अंकतालिकामा ओमान, नेपाल र युएईको १ खेलमा २ अंक भइसकेको छ । नेट रनरेटका आधारमा ओमान पहिलो, नेपाल दोस्रो र युएई तेस्रो स्थानमा छन् । कतार चौथो, जापान पाँचौं र सामोआ छैटौंमा छन् ।

### काभा नेसन्स लिग

# नेपाली भलिबल टोली घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशमा आयोजना हुने काभा पुरुष नेसन्स लिग भलिबलको लागि नेपाली टोलीको घोषणा भएको छ ।

नेपाल भलिबल संघले शनिवार १४ सदस्यीय अन्तिम टोली घोषणा गरेको जनाएको छ । प्रारम्भिक चरणमा छनोट भएका १८ खेलाडीले असोज पहिलो सातादेखि प्रशिक्षण सुरु गरेका थिए । त्यसबाट अन्तिम टोली छनोट गरिएको हो ।

नेपाल भलिबल संघको असोज २३ गते सम्पन्न ५७ औं कार्यसम्पादन समितिको बैठक अनुसार राष्ट्रियका प्रशिक्षकहरूलाई राष्ट्रिय टिम छनोटको जिम्मेवारी दिइएको र असोज २३ र २४ गते भएको अन्तिम चरणको छनोटबाट १४ सदस्यीय टिम छनोट गरेको नेपाल भलिबल संघले विज्ञप्ती जारी गर्दै जानकारी दिएको छ ।

काभा पुरुष नेसन्स लिग कात्तिक ५ देखि ११ गते (अक्टोबर २२-२८) सम्म बंगलादेशको ढाकामा हुँदैछ । पुरुष टिमको मुख्य प्रशिक्षकमा भरत यादव र सहायक प्रशिक्षकमा उत्सव खड्का छन् । पुरुष टोलीमा अधिकांश नयाँ अनुहारहरू छन् । यसअघि राष्ट्रिय टिमबाट खेलिसकेका जम्मा ६ खेलाडी मात्र टिममा छन् भने ८ नयाँ खेलाडी पहिलो पटक सिनियर राष्ट्रिय टोलीमा परेका छन् ।

यद्यपी भलिबल संघले अझै कप्तान भने तोकेको छैन । पछिल्लो पटक नेपालले सन् २०२३ मा श्रीलंकामा भएको काभा च्यालेन्ज कप खेल्दाको टिमबाट जम्मा तीन खेलाडी धिरोजकाजी बस्नेत, विनोद चन्द र सफल विक मात्र अहिले टिममा छन् ।

यस्तै पूर्व कप्तान हरिहजुर थापा र धन बहादुर भट्ट क्षेत्री, शरण सामरी क्षेत्रीले टिममा पुनरागमन गरेका छन् । यी तीन खेलाडी २०२३ को च्यालेन्ज कपमा टिममा थिएनन् ।

त्यसबेला कप्तान रहेका मान बहादुर श्रेष्ठ सन्यास लिएर विदेश लागेपछि कप्तान पद खाली नै छ । दुई वर्षअघि श्रीलंकामा भएको काभा च्यालेन्ज कप खेलेको टिमका तत्कालीन कप्तान मानबहादुरसँगै विशाल विक, टेक अवस्थी, लोकेन्द्र गिरी, हेमन्त मल्ल, रविन चन्द र सम्राट भण्डारी हाल विदेशमा छन् ।

यस्तै गत वर्ष काभा यू-२० पुरुष भलिबल च्याम्पियनसिपमा नेपालीलाई रजत पदक दिलाउने टिमका कप्तान अर्जुन नेपालीसहित पहल गहतराज, शैलेन्द्र थादव र सुजन सुनारले पनि सिनियर टिममा स्थान बनाएका छन् । यस बाहेक सुनिल बोहरा, रविन नगरकोटी, नृपध्वज बस्नेत, सन्तोष राईले पनि पहिलो पटक सिनियर टिममा स्थान बनाएका छन् ।

# जेन–जी सहिदको स्मृतिमा झापामा म्याराथन

■ प्रभाव संवाददाता

**झापा–** जेन-जी आन्दोलनका सहिदहरूको स्मृतिमा युथ फर सोसाइटीले शनिबार झापामा आयोजना गरेको 'मेचीनगर रन २०८२' मा पुरुषतर्फ दमकका २३ वर्षीय शरद सिंह र महिलातर्फ दमककी पुष्पा लिम्बु प्रथम भएकी छन् । प्रतियोगितामा पुरुषतर्फ दोस्रो विर्तामोडका १६ वर्षीय शिव कार्की र तेस्रो दमकका मिङसेन लिम्बू भएका छन् ।

साथै महिलातर्फ दमककी मन्दिरा महतरा दोस्रो र दमककै रुबिना महतरा तेस्रो भए । प्रतियोगितामा पहिलो हुनेलाई रु पाँच हजार, द्वितीयलाई रु तीन हजार र तृतीय हुनेलाई रु दुई हजारका दरले पुरस्कार प्रदान गरिएको थियो । मेचीनगर नगरपालिकाको वडा नं १५ ज्यामिरगढीबाट सुरु भएको दौड धुलाबारीमा पुगेर समापन भएको थियो ।

प्रतियोगितामा झापाका विभिन्न स्थानबाट आएका १६४ जना युवा धावकहरू सहभागी रहेको आयोजक युथ फर सोसाइटीका सदस्य जयराम दाहालले बताए । जसमा १५६ जना पुरुष र १८ जना महिला सहभागी रहेका थिए । सोसाइटीले जेन-जी आन्दोलनमा झापाबाट सहिद भएका दिनेश राजवंशी र गोपाल सेढाइको परिवारलाई रु ५० हजारका दरले सहयोग उपलब्ध गराउने जनाएको छ ।

दौड प्रतियोगिताको समापन कार्यक्रममा सहिद दिनेश राजवंशीकी आमा सपना राजवंशीलाई रु ५० हजार सहयोग हस्तान्तरण गरिएको थियो । धुलाबारीस्थित इस्ट होराइजन अंग्रेजी माविका प्रिन्सिपल सञ्जीव राईले जेन-जी आन्दोलनमा झापाबाट शहादत प्राप्त गर्नेका छोराछोरीलाई कक्षा १२ सम्म अध्ययनमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने सोही कार्यक्रममा प्रतिबद्धता व्यक्त गरे ।



फिलिपिन्सको दाभाओ ओरिएन्टल प्रान्तस्थित मानयमा भूकम्पले भत्किएको घरमा सामान खोज्दै स्थानीय । शुक्रबार दुईवटा शक्तिशाली भूकम्प जाँदा कम्तीमा आठ जनाको मृत्यु भएको बताइएको छ । *तस्विर एएफपी*

# उत्तर कोरियाले भव्य परेडमा प्रदर्शन गऱ्यो 'सबैभन्दा शक्तिशाली' क्षेप्यास्त्र



**सियोल–** उत्तर कोरियाले आफ्नो सत्तारुढ वर्कर्स पार्टीको ८० औं वार्षिकोत्सवको अवसरमा आयोजित भव्य सैन्य परेडमा 'सबैभन्दा शक्तिशाली' अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइल (आइसिबिएम) प्रदर्शन गरेको प्योङयाङको सरकारी मिडिया कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले जनाएको छ । उक्त परेडमा रुस र चीनका उच्च अधिकारीहरू पनि उपस्थित थिए ।

परेडमा नेता किम जोङ उनले व्यक्तिगतरूपमा नेतृत्व गरेका थिए । हालै युक्रेनमा भइरहेको युद्धले उनलाई मस्कोसँग अझ निकट बनाएको देखिन्छ । उत्तर कोरियाले रुसको सेनासँगै लड्न हजारौं सैनिक पठाइसकेको र त्यसको प्रतिफलस्वरूप रुसबाट महत्त्वपूर्ण सहयोग प्राप्त गरेको बताइन्छ ।

रूसी सुरक्षा परिषद्का उपप्रधान तथा राष्ट्रपति भ्लादिमिर पुटिनका निकट सहयोगी दिमित्री मेदभेदेव, चिनियाँ प्रधानमन्त्री ली किआङ र भियतनामका नेता टो लाम परेडमा सहभागी भएका थिए । केसिएनएले प्रकाशित तस्बिरहरूमा सबैजना किमको छेउमै बसेका देखिएका थिए ।

उक्त परेडमा देशका अत्याधुनिक हतियारहरू प्रदर्शन गरिएको थियो, जसमा नयाँ ह्वासोङ-२० आइसिबिएम पनि समावेश थियो । केसिएनएले यस मिसाइललाई 'सबैभन्दा शक्तिशाली आणविक रणनीतिक हतियार प्रणाली' भनेर वर्णन गरेको छ ।

राजधानी प्योङयाङमा राति सम्पन्न सो कार्यक्रम अत्यन्त रंगीन बनेको थियो । परम्परागत पहिरनमा सजिएका हजारौं नागरिकहरूले राष्ट्रिय झण्डा फहराउँदै उत्साहपूर्वक हर्षोल्लास प्रकट गरेका थिए । मुख्य सडकहरूमा आधुनिक हतियारहरू प्रदर्शन भइरहेका दृश्यहरू टेलिभिजन प्रसारणमार्फत देखाइएका थिए ।

केसिएनएका अनुसार लामो दूरीका रणनीतिक क्रुज मिसाइल, ड्रोन प्रक्षेपण सवारीसाधन, भूमिदेखि हावा र भूमिदेखि भूमि मिसाइललगायत विशेष हतियारहरू क्रमशः परेडमा देखाइएका थिए ।

नेता उनले सम्बोधन गर्दै देशको 'अजेय' सेनाले हरेक कठिनाइ पार गरेर उज्ज्वल भविष्यको निर्माणमा पार्टीका प्रयासलाई दोब्बर शक्ति थपेको बताए । उनले युक्रेनविरुद्धको युद्धमा रुसको सेनासँगै लडिरहेका उत्तर कोरियाली सैनिकहरूको वीरता र बलिदानको खुलेर प्रशंसा गरे ।

'अन्तर्राष्ट्रिय न्यायका लागि विदेशी भूमिमा हाम्रा क्रान्तिकारी सशस्त्र सेनाले प्रदर्शन गरेको अदम्य लडाइँको भावना र जितले वैचारिक तथा आध्यात्मिक पूर्णता देखाएको छ,' उनले भने ।

दक्षिण कोरियाको दाबीअनुसार रुसका लागि लडिरहेका करिब ६०० उत्तर कोरियाली सैनिक मारिएका छन् भने हजारौं घाइते भएका छन् । केसिएनएले परेडलाई 'देशको अतुलनीय रक्षा प्रविधि क्षमता र तीव्र विकासगत प्रगतिको प्रदर्शन' भनेर वर्णन गरेको छ । यसले विश्वलाई अब उत्तर कोरियालाई बेवास्ता गर्न नसक्ने सन्देश दिएको जनाइएको छ ।

दक्षिण कोरियाले यस वर्षको एपेक शिखर सम्मेलनको अवसरमा उत्तर कोरिया र संयुक्त राज्य अमेरिकाबीच सम्भावित बैठकलाई 'अस्वीकार गर्न नसकिने' बताएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा किमसँग तीनपटक भेट गरेका थिए र एकपटक 'हामी प्रेममा पऱ्यौं' भन्दै असामान्य टिप्पणी गरेका थिए । तर ती भेटघाटहरूबाट स्थायी आणविक सम्झौता हुन सकेन । त्यसयता उत्तर कोरियाले आफूलाई 'अपरिवर्तनीय आणविक राज्य' घोषित गरेको छ । *रासस/एएफपी*

# पाकिस्तानी प्रहरी प्रशिक्षण केन्द्रमा आतंकवादी आक्रमण, सात जनाको मृत्यु

**पेसावर (पाकिस्तान)–** पाकिस्तानको उत्तरपश्चिमी सहर डेरा इस्माइल खानस्थित एक प्रहरी प्रशिक्षण केन्द्रमा शुक्रबार राति भएको आतंकवादी आक्रमणमा कम्तीमा सात प्रहरी अधिकारीको मृत्यु भएको र १३ जना घाइते भएको पाकिस्तानी अधिकारीहरूले शनिबार जनाएका छन् । आक्रमणमा संलग्न छ जना आतंकवादी पनि मारिएका छन् ।

यो घटनालाई पछिल्ला वर्षहरूमा सो क्षेत्रमा बढ्दै गएको आतंकवादी हिंसाको अको उदाहरणका रूपमा हेरिएको छ । सशस्त्र समूहहरूको सक्रियता बढ्दै गएपछि पाकिस्तान अहिले बिग्रँदो सुरक्षा अवस्थासँग संघर्ष गरिरहेको छ ।

डेरा इस्माइल खान सहरको बाहिरी क्षेत्र रट्टा कुलाचीस्थित प्रहरी प्रशिक्षण केन्द्रमा एक आत्मघाती बमवर्षकले विष्फोटक पदार्थले भरिएको ट्रक गेटमा ठोक्काउँदा ठूलो विष्फोट भएको थियो । त्यसपछि अन्य आक्रमणकारीहरूले भारी हतियारसहित परिसरभित्र प्रवेश गर्ने प्रयास गरेको प्रहरीका वरिष्ठ अधिकारी सज्जाद अहमदले बताए ।

'प्रारम्भिक विष्फोटपछि आक्रमणकारीहरूले प्रशिक्षण केन्द्रमा आक्रमण गर्न सफल भए, त्यतिबेला करिब २०० भर्ती र तिनका प्रशिक्षकहरू भित्रै थिए,' अहमदले भने । उनका अनुसार प्रहरी र आतंकवादीहरूबीच करिब छ घण्टासम्म तीव्र गोली हानाहान भएको थियो । उक्त भिडन्तमा सात प्रहरी कर्मचारीको मृत्यु भएको र १३ जना घाइते भएको पुष्टि गरिएको छ ।

प्रहरीको विज्ञप्तिअनुसार आक्रमण अत्यन्त योजनाबद्ध र समन्वितरूपमा गरिएको थियो । ड्युटीमा रहेका अधिकारीहरूले तत्काल प्रतिकारात्मक कारबाही गर्दै आक्रमणकारीहरूलाई नियन्त्रणमा लिन प्रयास गरेका थिए । विज्ञप्तिमा भनिएको छ, 'विष्फोटक पदार्थले भरिएको ट्रक प्रशिक्षण विद्यालयको मुख्य गेटमा ठोक्किँदा ठूलो विष्फोट भयो, जसले पर्खालको केही भाग भत्कायो र एक प्रहरी अधिकारीले घटनास्थलमै ज्यान गुमाए ।'

विष्फोटपछि वर्दीधारी आतंकवादीहरूले परिसरमा प्रवेश गरी स्वचालित हतियारले अन्धाधुन्ध गोली चलाएका र ग्रेनेडसमेत फ्याँकेका थिए । पछि प्रहरी र अर्धसैनिक बलहरूले संयुक्तरूपमा आक्रमणकारीहरूलाई नियन्त्रणमा लिँदै परिसर खाली गरेका थिए । भिडन्तमा छ जना आतंकवादी मारिएका र उनीहरूबाट आत्मघाती भेस्ट, विष्फोटक पदार्थ, हतियार तथा गोला-बारुद बरामद गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# काबुल मिसनलाई पूर्ण दूतावासमा स्तरोउन्नति गर्दै भारत

**श्रीनगर (भारत)–** भारतले अफगानिस्तानमा आफ्नो प्राविधिक मिसनलाई पूर्ण दूतावासमा स्तरोन्नति गर्ने निर्णय गरेको छ । यो निर्णयले तालिबानसँगको सम्बन्धमा नयाँ अध्याय खोल्ने संकेत गरेको छ ।



भारतीय विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले शुक्रबार नयाँदिल्लीमा अफगानिस्तानका विदेशमन्त्री अमिर खान मुत्ताकीसँगको भेटपछि यो घोषणा गरेका हुन् । सन् २०२१ मा अमेरिकाको दुई दशक लामो सैन्य उपस्थितिपछि तालिबानले सत्ता कब्जा गरेयता भारत र अफगानिस्तानबीचको यो पहिलो उच्चस्तरीय कूटनीतिक संवाद हो ।

विदेशमन्त्री जयशंकरले अफगानिस्तानको विकासका लागि भारतको निरन्तर प्रतिबद्धता दोहोऱ्याउँदै व्यापार, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा सहयोग विस्तार गर्ने आश्वासन दिए । उनले भने, 'हामीबीचको घनिष्ठ सहकार्यले तपाईंको राष्ट्रिय विकासमात्र होइन, सम्पूर्ण क्षेत्रको स्थिरता र सहनशीलतालाई पनि बल पुऱ्याउने छ ।'

संयुक्त राष्ट्रसंघको प्रतिबन्ध सूचीमा रहेका अफगान तालिबान नेतामध्ये एक मुत्ताकी संयुक्त राष्ट्र सुरक्षा परिषद्को समितिबाट अस्थायी यात्रा अनुमति पाएपछि बिहीबार नयाँदिल्ली आइपुगेका थिए । यो भ्रमण रुसमा आयोजित अफगानिस्तानसम्बन्धी अन्तर्राष्ट्रिय बैठकमा सहभागी भएपछि भएको हो । उक्त बैठकमा चीन, भारत, पाकिस्तान, इरान, कजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान र उज्बेकिस्तानका प्रतिनिधिहरू उपस्थित थिए ।

भारत र तालिबानबीचको यो कूटनीतिक नजिकिँदो सम्बन्ध विगतको वैरभावलाई पछाडि पार्दै आएको हो । तालिबान अन्तर्राष्ट्रिय मान्यता खोज्दै गर्दा भारतले अफगानिस्तानमा चीन र पाकिस्तानको प्रभाव सन्तुलन गर्ने रणनीतिक अवसर देखेको छ ।

विदेशसचिव विक्रम मिस्रीले यसअघि जनवरीमा दुबईमा मुत्ताकीसँग भेट गरेका थिए । त्यसपछि मुत्ताकी र जयशंकरबीच टेलिफोन वार्ता भएको थियो । साथै, भारतका अफगानिस्तानसम्बन्धी विशेष दूतले अप्रिलमा काबुल पुगेर राजनीतिक तथा व्यापारिक सहकार्यबारे छलफल गरेका थिए ।

विश्लेषकहरूका अनुसार तालिबानसँग उच्चस्तरीय सम्पर्क राख्ने भारतको निर्णय यसको कूटनीतिक पुनर्मूल्यांकन हो, जसले चीन र पाकिस्तानसँगको क्षेत्रीय प्रतिस्पर्धामा भारतलाई पछाडि पर्न नदिने लक्ष्य लिएको छ ।

अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपका वरिष्ठ विश्लेषक प्रवीण डोन्टीका अनुसार भारतले विश्वलाई चीन र पाकिस्तानसँगको प्रतिस्पर्धाको दृष्टिकोणबाट हेर्छ । प्रतिस्पर्धी राष्ट्रहरूसँग पनि सम्बन्ध कायम राख्ने प्रयासमा रहेको तालिबानले अपनाएको सन्तुलित विदेश नीति भारतको आफ्नै रणनीतिक सोचसँग मिल्दोजुल्दो छ ।

हाल अफगानिस्तान र पाकिस्तानबीचको सम्बन्ध सीमा विवाद र शरणार्थी समस्या जस्ता कारणले तनावपूर्ण बनेको छ । यस्तो अवस्थामा भारतको बढ्दो संलग्नतालाई पाकिस्तानको प्रभावविरुद्धको 'रणनीतिक सन्तुलन' का रूपमा हेरिएको छ । साथै, भारतले पूर्वाधार विकास र कूटनीतिक उपस्थिति विस्तार गरेर अफगानिस्तानमा चीनको प्रभुत्व घटाउने प्रयास गरिरहेको छ ।

डोन्टीले भने, 'बेइजिङले तालिबानसँग घनिष्ठ सम्बन्ध बढाइरहेको बेला नयाँदिल्लीले काबुलमा आफ्नो रणनीतिक प्रभाव सुदृढ पार्ने अवसर देखेको छ । इस्लामाबादसँगको बिग्रँदो सम्बन्धका कारण भारतले काबुलमा सामान्य प्रभाव स्थापना गरेर क्षेत्रीय शक्तिका रूपमा आफ्नो स्थिति मजबुत् बनाउन खोजेको हो ।'

सन् २०२१ मा तालिबानले सत्ता सम्हालेपछि भारतमा यसले पाकिस्तानलाई फाइदा पुऱ्याउने छ र काश्मीरमा जारी विद्रोहलाई थप बल दिने छ भन्ने चिन्ता थियो । तर नयाँदिल्लीले यी आशंकाबीच पनि तालिबानसँग स्थिर सम्पर्क कायम राख्यो ।

सन् २०२२ मा भारतले मानवीय सहायता र विकास सहयोगमा केन्द्रित हुँदै काबुलमा प्राविधिक मिसन स्थापना गरेको थियो । त्यसयता, क्षेत्रीय फोरम र ब्याक-च्यानल कूटनीतिबाट संवादलाई निरन्तरता दिँदै आएको छ ।

भारतले अफगान विद्यार्थी र व्यापारीसहित दशौं हजार अफगान नागरिकलाई आश्रय दिएको छ, जसमध्ये धेरैजना तालिबान शासनपछि देश छोडेका थिए । नयाँदिल्लीमा रहेको अफगान दूतावास सन् २०२३ नोभेम्बरमा स्थायी रूपमा बन्द भएको थियो, तर मुम्बई र हैदराबादका वाणिज्य दूतावासहरू सीमित सेवा प्रदान गर्दै सञ्चालनमा छन् ।

तालिबानले पछिल्ला महिनाहरूमा अन्तर्राष्ट्रिय संवाद विस्तार गरेको छ र चीन तथा संयुक्त अरब इमिरेट्स जस्ता केही देशसँग कूटनीतिक सम्बन्ध स्थापित गर्न सफल भएको छ । यसैबीच जुलाईमा रुस तालिबानलाई प्रतिबन्धित संगठनको सूचीबाट हटाउँदै आधिकारिक मान्यता दिने पहिलो देश बनेको थियो ।

यद्यपि, मुख्यतया महिलामाथि लगाइएका कठोर प्रतिबन्ध र मानवअधिकार उल्लंघनका कारण तालिबान शासन अझै पनि अन्तर्राष्ट्रिय रूपमा अलग रहँदै आएको छ । भारतको यो कदमले काबुलसँगको सम्बन्धमा नयाँ अध्याय आरम्भ गरेको छ, जसले क्षेत्रीय शक्ति सन्तुलनमा उल्लेखनीय प्रभाव पार्ने विश्लेषकहरूको मूल्यांकन छ । *रासस/एपी*

# सीसँगको बैठक रद्द नगरेको ट्रम्पद्वारा स्पष्ट

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार (स्थानीय समय) चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको आफ्नो नियोजित बैठक आधिकारिकरूपमा रद्द नगरेको भन्दै 'सीलाई भेट्ने कुनै कारण छैन' भन्ने आफ्नो हालैको टिप्पणी स्पष्ट पारेका छन् ।

ट्रम्पले चीनले दुर्लभ पृथ्वी तत्व (खनिज तत्व) हरूको निर्यातमा इजाजतपत्र अनिवार्य गर्ने नयाँ नीति ल्याएकोमा आश्चर्य व्यक्त गर्दै यस कदमलाई 'अप्रत्यासित' भने । 'मैले बैठक रद्द गरेको होइन । यद्यपि, त्यो निश्चित छ वा छैन भन्ने कुरा पक्का छैन । जे भए पनि म त्यहाँ हुने छु । म अनुमान गर्छु, बैठक हुन सक्छ । तर उनीहरूले संसारलाई अचम्म पार्ने कदम चाले । अचानक, कुनै पूर्वसूचनाविना उनीहरूले यो सम्पूर्ण आयात-निर्यात अवधारणा ल्याए, जसको बारेमा कसैलाई थाहा थिएन,' ट्रम्पले ह्वाइट हाउसमा पत्रकारहरूसँग भने ।

यसअघि उनले चीनले दुर्लभ पृथ्वी तत्वहरूमा नयाँ निर्यात नियन्त्रण लगाएको 'धेरै सत्रुतापूर्ण' कदम भएको टिप्पणी गर्दै सीसँग भेट्ने कुनै कारण नभएको बताएका थिए । उनले अमेरिकाले यसका विरुद्ध कडा प्रतिक्रिया दिने चेतावनी पनि दिएका थिए ।

चीनले प्रतिबन्धहरू फिर्ता लिएमा अमेरिकाले थप करहरू फिर्ता लिन्छ कि भन्ने प्रश्नमा ट्रम्पले भने, 'हामीले के हुन्छ भनेर हेर्नुपर्छ, त्यसैले मैले मिति नोभेम्बर १ तोकेको हुँ ।' उनले अमेरिकाले अब विमानका पुर्जादेखि सफ्टवेयरभन्दा बाहेकका अन्य वस्तुहरूमा पनि निर्यात नियन्त्रण गर्ने विचार गरिरहेको बताए ।

'हामीसँग विमान र तिनका पार्ट्सहरू छन् । हामी चीनको कदमबाट साँच्चिकै चकित भयौं । मेरो राष्ट्रपति सीसँग धेरै राम्रो सम्बन्ध छ, तर यो मैले उक्साएको होइन । यो उनीहरूले गरेका कार्यहरूको मात्र प्रतिक्रिया हो । वास्तवमा उनीहरूले हामीलाई मात्र होइन, सम्पूर्ण विश्वलाई लक्षित गरे । यो धेरै नै खराब कदम हो,' ट्रम्पले भने ।

चीनले दुर्लभ पृथ्वी तत्वहरू र तिनसँग सम्बन्धित प्रविधिहरूमा प्रतिबन्ध विस्तार गरेपछि ट्रम्पले घोषणा अमेरिकाले सन् २०२५ नोभेम्बर १ देखि चीनबाट आयात हुने सबै सामानमा 'हाल लागिरहेका कुनै पनि करभन्दा माथि' १०० प्रतिशत कर लगाउने घोषणा गरे । त्यसै मितिदेखि सबै 'महत्त्वपूर्ण सफ्टवेयर' मा पनि निर्यात नियन्त्रण लागू गरिने उनले बताए ।

उनले भने, 'हामीले भर्खरै पत्ता लगाएका छौं कि चीनले विश्वलाई अत्यन्त सत्रुतापूर्ण पत्र पठाएर अन्तर्राष्ट्रिय व्यापारमा असाधारण आक्रामकता देखाएको छ । उनीहरूले सन् २०२५ नोभेम्बर १ देखि आफ्नो उत्पादनका लगभग सबै वस्तुमा ठूलो मात्रामा निर्यात नियन्त्रण लगाउने निर्णय गरेका छन्, जुन सबै देशहरूलाई असर गर्ने छ । यो नैतिक दृष्टिले पनि निन्दनीय कदम हो र अन्तर्राष्ट्रिय व्यापारमा अस्वीकार्य व्यवहार हो ।'

ट्रम्पले भने, 'चीनले यस्तो कदम चालेको पत्यार गर्न गाह्रो छ, तर उनीहरूले गरेका छन् र अब बाँकी इतिहास हो । यस विषयमा ध्यान दिनुभएकोमा धन्यवाद ।' *रासस/एएनआई*


**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामपुर सल्यान**
**कर्णाली प्रदेश नेपाल**

**बोलपत्र स्वीकृति गर्ने आशयकोको सूचना**

(सूचना प्रकाशित मितिः २०८२ । ०६ । २६)

उपरोक्त विषयमा यस कार्यालयकोः KRM/NCB/WORKS/2082/83/01 का लागि प्रकाशित सूचना वमोजिम पर्न आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमका बोलपत्रहरु प्राबिधिक प्रस्ताबमा सफल भई सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन, २०६४ (संसोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब निम्न स्थान, मिति र समयमा खोलिने हुदा उक्त ठेक्कासंग सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| S. N. | contract identification No/ Description of Work | Qualified Bider | Financial Proposal Openong place,Date and Time |
|---|---|---|---|
| 1. | KRM/NCB/WORKS/2082/83/01 Palika Vaban Tala Thap Yojana | Karki/gangamala/shree Deuti JV<br>Chhatreswori Nirman Sewa<br>Surabhi-maa durga- jigyasu | Adress:kalimati Rural Municiplity Rampur salyan<br>Date:2082-07-02<br>Time: 13:00 PM |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - २३५००० | प्रति तोला - ० | प्रति तोला - ३०८५ |



**प्रविधिबाट धान काट्दै** | शुक्लाफाँटा नगरपालिका-८ बेलडाँडीका किसान पावर टिलरको सहायताले धान काट्दै । किसानले आधुनिक यन्त्र तथा मेसिनको प्रयोगले धान काट्न थालेपछि श्रमभार घट्दै जान थालेको छ । तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस

# विपद्मा यसरी सम्भव भयो दूरसञ्चार सेवा

**काठमाडौं–** निरन्तरको भारी वर्षा र त्यसपछिको बाढीपहिरोका कारण असोज तेस्रो साता जनजीवन प्रभावित भयो । खासगरी मुलुकका मध्यभागदेखि पूर्वोत्तर क्षेत्र वर्षाबाट बढी प्रभावित भए ।

बाढीपहिरोका कारण हालसम्म ५३ जनाको मृत्यु भएको छ भने सात जना बेपत्ता छन् । अलपत्र यात्रु गन्तव्यमा अझै पुगिसकेका छैनन् भने सबै सडकमा पूर्ण रूपमा यातायात सञ्चालन गर्न अझै केही दिन लाग्ने सरकारले बताइसकेको छ । देशको विषम परिस्थितिमा पनि दूरसञ्चार क्षेत्रले भने निरन्तर सेवा दिन सक्यो । बाढीपहिरोका कारण दूरसञ्चारका पूर्वाधारमा धेरै क्षति हुँदा पनि निरन्तर सेवा सञ्चालन भयो ।

नेपाल टेलिकमका सहप्रवक्ता नवीन मिश्र जनशक्तिको निरन्तरको खटाइ र पूर्वतयारीका कारण निर्बाध सेवा प्रवाह सम्भव भएको बताउँछन् । विशेषगरी मधेस र कोशी प्रदेशमा कम्पनीको सेवा बढी प्रभावित भयो । 'भारी वर्षा, बाढीपहिरो तथा डुबानका कारण मुलुकभर नेपाल टेलिकमका एक हजार १५० वटा टावरमा क्षति भयो । मधेसमा करिब ३०० वटा टावरमा क्षति भयो', उनले भने । धेरै ठाउँमा विद्युत् आपूर्तिमा अवरोध हुँदा समस्या भएको थियो ।

सहप्रवक्ता मिश्रका अनुसार नेपाल टेलिकमले विपत्तिका बेला काम गर्न मुलुकभर 'इन्टिग्रेटेड मेन्टिनेन्स युनिट' नै राखेको छ । सोही टोली जस्तोसुकै परिस्थितिमा पनि कार्यक्षेत्रमा परिचालन हुन तयारी अवस्थामा हुन्छन् । गत असोज १८ र १९ गते कोसी र मधेस प्रदेशका करिब पाँच लाख उपभोक्ता प्रभावित भएका थिए । कोसी प्रदेशको इलाममा भने दुई दिनसम्म सेवा प्रभावित भए पनि अन्य क्षेत्रमा भने लामो समयसम्म सेवा अवरुद्ध हुन नपाएको उनको भनाइ छ ।

निजी क्षेत्रको टेलिकम सेवाप्रदायक एनसेलका अनुसार बाढीपहिरो तथा डुबानका कारण कम्पनीका करिब ४०० टावरमा क्षति भएको छ । समस्या भएका ठाउँ पहिचान गरेर सेवा सञ्चालन भइसकेको एनसेलको भनाइ छ । विद्युत्का कारण इलामका केही स्थानमा समस्या रहे पनि अहिले सबै स्थानमा सेवा सञ्चालन भइसकेको छ । 'समस्या हामीलाई पनि परेको थियो तर हामीले अहोरात्र खटिएर तत्कालै सेवा सञ्चालन गर्न सफल भयौं । अहिले कतै पनि एनसेलको सेवामा समस्या भयो भनेर गुनासो आएको छैन', एनसेलले भनेको छ ।

> दूरसञ्चार सेवाप्रदायक नेपाल टेलिकम र एनसेलसँग सहकार्य गरिरहेको चिनियाँ कम्पनी हुवावेका अनुसार सरकारले असोज १७ गतेदेखि २० गतेसम्म भारी वर्षाको प्रक्षेपण गरेपछि यसको तयारी सुरु भइसकेको थियो । गत वर्ष पनि भारी वर्षापछि बाढी र पहिरोका कारण ठूलो क्षति भएकाले हुवावेले आफ्नो क्षेत्राधिकारभित्र पूर्वतयारी सुरु गरिसकेको थियो ।

दूरसञ्चार सेवाप्रदायक नेपाल टेलिकम र एनसेलसँग सहकार्य गरिरहेको चिनियाँ कम्पनी हुवावेका अनुसार सरकारले असोज १७ गतेदेखि २० गतेसम्म भारी वर्षाको प्रक्षेपण गरेपछि यसको तयारी सुरु भइसकेको थियो । गत वर्ष पनि भारी वर्षापछि बाढी र पहिरोका कारण ठूलो क्षति भएकाले हुवावेले आफ्नो क्षेत्राधिकारभित्र पूर्वतयारी सुरु गरिसकेको थियो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पनि त्यसअघि नै टेलिकम कम्पनीहरूलाई उच्च सतर्कता अपनाउन र आपत्कालीन समयमा सेवा निरन्तरताको सुनिश्चित गर्नका लागि आग्रह गरिसकेको थियो ।

## विपद्मा कस्ता समस्या आउँछन् ?

प्राकृतिक विपत्तिका बेला सेवा प्रवाह गर्ने प्रमुख उपकरण टावरलगयतमा अवरोध हुन्छ । बाढीपहिरोमा फाइबर वा 'माइक्रोवेभ लिंक' काट्दा वा सडक बगाउँदा टावरको सञ्जाल विच्छेद हुन्छ । केही टावर डुबानमा पर्छन् वा बिजुलीका खम्बा ढल्दा वा लाइन क्षतिग्रस्त हुँदा विद्युत् आपूर्ति बन्द भएर पनि सेवा अवरुद्ध हुन्छ ।

कहिलेकाहीँ हुरी, बाढीपहिरोले ठूलोमात्रामा फाइबर केबल विच्छेद गरिदिन्छ । रूख ढल्दा वा पहिरो खस्दा हावामा तन्काइएका फाइबर केबलहरू चुँडिन्छन् । सो अवस्थामा पनि सेवा अवरुद्ध हुन्छ ।

त्यस्तै, सडक भासिँदा वा जमिन तलमाथि हुँदा पनि भूमिगत फाइबर चुँडिने वा भाँचिने हुन्छ जसका कारण केबल ज्वाइन्ट (स्प्लाइस पोइन्ट र इन्क्लोजर) नष्ट हुन्छन् । जसले गर्दा सेवा अवरुद्ध हुन्छ । त्यसबाहेक विद्युत् आपूर्तिका समस्या भएर पनि सेवा अवरुद्ध हुन्छ । 'ब्याकअप ब्याट्री वा डिजेल जेनेरेटर' क्षतिग्रस्त हुन सक्छन् वा इन्धन पुनःभरण पहुँच नहुँदा प्रयोग गर्न नसकिने अवस्था आउँछ जसका कारण सेवा सञ्चालन गर्न ढिला हुन्छ ।

हालैको बाढीपहिरोमा सडक नै बगाएको वा अवरुद्ध भएका कारण सेवा पुनःसुरु गर्न ढिला भएको छ । फिल्ड इञ्जिनियरले अवरुद्ध वा डुबान भएका सडक, ढलेका पुल वा पहिरोका कारण क्षतिग्रस्त स्थानमा पुग्न कठिनाइ हुन्छ ।

## कसरी हुन्छ सेवा सञ्चालन ?

टेलिकम सेवाप्रदायकले देशका सबै क्षेत्रमा अहोरात्र सेवा प्रवाह भइरहेको छ कि छैन भनेर अनुगमन गरिरहेका हुन्छन् । सोअन्तर्गत पूर्वसूचना र निगरानी लिने काम पनि हुन्छ ।

यसपटक जल तथा मौसम पूर्वानुमान महाशाखाबाट प्राप्त सूचनाका आधारमा 'नेटवर्क' निगरानी बढाइएको थियो । यसरी उच्च जोखिम हुने क्षेत्र पहिचान गरिन्छ । यस्तो अवस्थामा टेलिकम सेवाप्रदायकले आपत्कालीन संयन्त्र परिचालन गर्छन् र कुनकुन स्थानमा फाइबर काटिएको छ, टावर भत्किएको छ वा बिजुली अवरुद्ध भएको छ त्यसको जानकारी फिल्ड इञ्जिनियर तुरुन्त दिइन्छ ।

त्यसपछि अवरुद्ध भएको स्थानमा 'ब्याकअप पावर' र उपकरणको अवस्था कस्तो छ सोको जानकारी गराइन्छ । 'ब्याट्री, जेनेरेटर र स्पेयर पार्ट'हरू स्थानीयस्तरमै तयारी अवस्थामा राखिन्छन् । सेवा अवरुद्ध भएको स्थानमा स्थानीय प्रशासन, सुरक्षाकर्मी र समुदायसँग सहकार्य गरी प्रभावित क्षेत्रमा मर्मत गरिन्छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्देशनमा एनसेल र नेपाल टेलिकमजस्ता सेवाप्रदायकले एकापसमा समन्वय गरी नेटवर्क निरन्तरता सुनिश्चित गर्छन् । यी प्रयासले बाढीपहिरो र भूकम्पजस्ता विपद्का बेला पनि नेपालमा सञ्चार सेवा निरन्तर सञ्चालन राख्न मद्दत पुर्‍याउँछन् । दूरसञ्चार उपकरण तथा सूचना तथा सञ्चार प्रविधि सेवा प्रदायक हुवावेले नेपाल टेलिकम र एनसेललाई प्रविधि र स्थलमै जनशक्ति उपलब्ध गराई महत्वपूर्ण सहयोग गरेको जनाएको छ । *रासस*

# ऐनापहराबाट ६० लाख आम्दानी

■ प्रभाव संवाददाता



**दमौली (तनहुँ)** – आँबुखैरेनी गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यस्थल ऐनापहराबाट एक वर्षमा रु ६० लाख आम्दानी भएको छ । आँबुखैरेनी-२ र ४ को सीमानामा अवस्थित ऐनापहराबाट गाउँपालिकाले गत आर्थिक वर्ष आन्तरिक राजस्वतर्फ रु ६० लाख आम्दानी गरेको हो ।

ऐनापहरामा पर्यटक आकर्षित गर्न पार्क निर्माण गरिएको छ । पार्क प्रवेश गर्नेसँग टिकट लिने गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । स्थानीयलाई रु ५० र बाह्यलाई रु १०० टिकट शुल्क तोकिएको छ । ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थल बनाउन रु दुई करोड लगानीमा विभिन्न संरचना निर्माण गरिएको छ ।

पृथ्वी राजमार्गसँगै जोडिएको ऐनापहरा पार्क पछिल्लो समय पर्यटकको विश्रामस्थलका रूपमा विकास हुन थालेको छ । सार्वजनिक बिदा र शनिबारका दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी-२ का वडाध्यक्ष आशबहादुर गुरुङले बताए ।

ढुंगामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उनको भनाइ छ । उनले भने, 'गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलका रूपमा अगाडि बढाएको छ, राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ, राजमार्ग भएर यात्रा गर्नेहरू पनि यहाँ रोकिएर आनन्दित भएर जान्छन् ।'

यहाँ रहेका ढुंगालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाइएको छ । झरना झरेको ठाउँको ढुंगामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुंगामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । पर्यटकलाई थप आकर्षित गर्न गाउँपालिकाले यहाँ गत साउन ३ गतेदेखि 'स्काइ वाक' सुरु गरिसकेको छ । स्काइ वाकको मूल्य रु २५० तोकिएको छ । रु १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको हो ।

करिब ५० मिटर अग्लो र ५७ मिटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ । तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउँढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ ।

यस ठाउँलाई व्यवस्थित गर्न विस्तृत परियोजना प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ । यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायत संरचना निर्माण गर्ने उल्लेख छ ।

# गैरआवासीय नेपाली संघको २२औं स्थापना दिवस

■ प्रभाव संवाददाता



**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए) ले आफ्नो २२औं स्थापना दिवसको अवसरमा शनिबार बिहान स्वयम्भूस्थित बौद्ध स्तुपामा १०८ दीप प्रज्ज्वलन गरी विशेष कार्यक्रम सम्पन्न गरेको छ ।

संघका अध्यक्ष महेशकुमार श्रेष्ठ, पूर्व अध्यक्ष विनोद कुँवर, उपाध्यक्ष खगेन्द्र न्यौपाने, विश्वासदीप तिंगेला, महासचिव बाबुराम (बी.आर.) लामा, कोषाध्यक्ष ठाकुरप्रसाद ढुंगाना, युरोप संयोजक प्रेम गुरुङसहितका पदाधिकारी तथा सदस्यहरूको उपस्थितिमा शान्ति, एकता र समृद्धिको कामना गर्दै दीप प्रज्वलन गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष श्रेष्ठले हाल गैरआवासीय नेपालीहरूबीच एकताको कुनै विकल्प नरहेको उल्लेख गर्दै त्यसका लागि सबै पक्षहरू मिलेर अघि बढ्नुपर्नेमा जोड दिए । उनले भदौ २३-२४ मा भएको जेन-जी आन्दोलनले देशमा ठूलो क्षति पुर्‍याएको स्मरण गर्दै अब पुनर्निर्माण र राष्ट्रिय एकताको बाटो रोज्न जरुरी भएको बताए ।

पूर्व अध्यक्ष विनोद कुँवरले व्यक्तिगत स्वार्थ र हठ त्यागेर सबै अभियन्ता एकै मञ्चमा उभिनुपर्ने आवश्यकता औंल्याए । उपाध्यक्ष विश्वासदीप तिंगेलाले एनआरएनएको भूमिका अहिले झन् जिम्मेवारीपूर्ण बनेको उल्लेख गर्दै एकतामा जोडिनु नै समयको माग भएको बताए ।

कोषाध्यक्ष ठाकुरप्रसाद ढुंगानाले जेन-जी आन्दोलनपछि सुरु गरिएको पुनर्निर्माण अभियान अन्तर्गत बग्गीखानास्थित ट्राफिक कन्ट्रोल रुम अन्तिम चरणमा पुगेको जानकारी दिए । सन् २००३ अक्टोबर ११ मा 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने मूल भावनासहित स्थापना गरिएको एनआरएनए हाल ९० भन्दा बढी देशमा सक्रिय शाखा रहेको संघ हो ।

स्थापना दिवसकै अवसरमा शनिबार बग्गीखानामा आयोजित चियापान कार्यक्रममा ट्राफिक कन्ट्रोल रुमको अवलोकन गरिएको थियो । उपाध्यक्ष मनोज गोर्खालीले सो अवसरमा देश निर्माणको यो सुरुवात मात्रै भएको जनाउँदै अझ धेरै काम गर्न बाँकी रहेको बताए । स्वागत मन्तव्य दिँदै उपाध्यक्ष खगेन्द्र न्यौपानेले संस्थाभित्र एकता नभए संघ कमजोर बन्ने चेतावनी दिँदै संस्थाका अग्रज र अभियन्ताहरूलाई अहंकार र जुँगाको लडाइँ छाडी एउटै एनआरएन बनाएर अघि बढ्ने सुवर्ण अवसर नगुमाउन आग्रह गरे ।

# 'जुम्लामा नुन अभाव छैन'




**जुम्ला (प्रस)**– साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालयले जिल्लामा पर्याप्त मात्रमा नुन रहेको जनाएको छ । यहाँस्थित डिपोमा अहिले करिब छ हजार क्विन्टल नुन मौज्दात रहेको कार्यालय प्रमुख नगेन्द्रबहादुर थापाले जानकारी दिए । कार्यालयका अनुसार चालु आर्थिक वर्षका लागि सदरमुकाम खलंगा बजारमा रहेको डिपोमा पाँच हजार ५०० क्विन्टल, सिङ्जा गाउँपालिकाको नराकोट डिपोमा एक हजार ५०० क्विन्टल र कनकासुन्दरी गाउँपालिकाको गुरुचौर डिपोमा एक हजार ३०० क्विन्टल नुनको कोटा रहेको छ ।

उनले भने, 'जिल्लामा नुनको अभाव रहेको छैन । जिल्लामा पर्याप्त मात्रमा नुन रहेको छ । दसैंको अवधिमा करिब ५४६ क्विन्टल नुन बिक्री भएको छ । यहाँका आठवटै स्थानीय तहका वडाको सिफारिसको आधारमा नुन वितरणहुने गरेको छ । वडाको मागबमोजिम नुन वितरण भइराखेको छ ।'

वितेका वर्षमा जिल्लामा करिब पाँच हजार ४०० क्विन्टलको हारहारीमा कोटाहुने गरेको थियो । नुन उपभोक्तालाई पुर्‍याउन केही कठिन हुने गरेकोमा यस वर्षदेखि जिल्लाका लागि नुनको कोटा वृद्धि भएसँगै यहाँका उपभोक्तालाई सहजरूपमा नुन वितरण भइरहेको कार्यालय प्रमुख थापाले बताए ।

सदरमुकाम सहित तीनै डिपोका लागि बाँकी कोटा नुनको ढुवानी भइरहेको छ । सबैभन्दा बढी चन्दनाथ नगरपालिका, गुठीचौर, पातारासी र तातोपानी गाउँपालिकाका उपभोक्ताले नुन लिने गरेको कार्यालयले जनाएको छ । जिल्लाका स्थानीय तहले वडाबाटै नुन वितरण गरेपछि यहाँका स्थानीयवासीलाई सहज भएको छ भने स्थानीयवासी पनि औधि खुसी छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ